
जि.प्र.का. काठमाडौं, दर्ता नं: ७१२-०७१/७२
स.क.प. आबद्धता नं.: ४३४०३

# जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल
# National Forum of Parliamentarians of Population & Development, Nepal

## नेपालको संविधान कार्यान्वयन र संघीयताः सङ्क्षिप्त जानकारी
## Constitution Implementation & Federalism: Issue Brief




| राज्यको संरचना | स्थानीय तहहरु |
|---|---|
| संघीय सरकार | महानगरपालिका - ६ |
| प्रदेश सरकार - ७ | उपमहानगरपालिका - ११ |
| स्थानिय सरकार - ७५३ | नगरपालिका - २७६ |
| | गाउँपालिका - ४६० |

### संसदमा प्रतिनिधित्व

| विवरण | सांसद संख्या |
|---|---|
| संघमा | |
| प्रतिनिधिसभा | २७५ |
| राष्ट्रियसभा | ५९ |
| प्रदेशमा | |
| प्रदेश नं १ | ९३ |
| प्रदेश नं. २ | १०७ |
| प्रदेश नं. ३ | ११० |
| गण्डकी प्रदेश | ६० |
| प्रदेश नं. ५ | ८७ |
| कर्णाली प्रदेश | ४० |
| सुदुरपश्चिम प्रदेश | ५३ |
| कुल प्रदेशसभा सदस्य | ५५० |

### यस भित्र

- मुख्य विषयवस्तुको संक्षेपीकरण
- सम्पादकीय
- नेपालमा संघीयता कार्यान्वयनको वर्तमान अवस्था
- संविधान कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय व्यवस्थापिकाको भूमिका
- संविधान कार्यान्वयनमा सरोकारवालाहरूलाई उपलब्ध गराइनुपर्ने महत्वपूर्ण सूचनाहरू
- दीगो विकासका लक्ष्यहरू
- चुनौती र सुझावहरु
- कार्यदिशा र निष्कर्ष
- संसदीय प्राथमिकता
- कार्यक्रममा प्रस्तुत कार्यपत्र

# मुख्य विषयवस्तुको संक्षेपीकरण

- 'संसदमा मात्र नभई बाहिर पनि सांसदहरूले संविधानको कार्यान्वयन र कानुन निर्माणका बिषयमा छलफल गर्दा एकातिर जिम्मेवारीबोध हुन्छ भने अर्कोतिर कार्यदक्षता बढ्छ । अन्तर्क्रियाले सांसदहरूको बिषयगत दखल बढ्छ र संविधान कार्यान्वयनको आधार तयार पार्दछ । हतार हतारमा निर्माण गरिने कानुन दीर्घकालसम्म कार्यान्वयनमा लैजान कठिनाइ हुन्छ । त्यसैले हाम्रा आवश्यकता र विश्वव्यापी मूल्य र मान्यताका आधारमा व्यापक छलफल र विद्धत वर्गको समेत सहभागितामा कानुन निर्माण गर्दा त्यसले दीर्घकालसम्म सकारात्मक प्रभाव पार्दछ । सदनको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न तथा संसदको अधिवेशन खास समयका लागि मात्रै हुने हुनाले संसदीय सुपरीवेक्षणका लागि संसदभित्र संसदीय समितिहरूको महत्वपूर्ण भूमिका हुन्छ ।
- संविधानको सफल कार्यान्वयनका लागि सक्षम नेतृत्व र असल नियत निकै महत्वपूर्ण मानिन्छ । बहुमतले अल्पमतको असल नियतलाई आत्मसात गरेन र बहुमतले गरेको निर्णयमा अल्पमतले आफ्नो सहभागिता र स्वामित्व देखेन भने समस्या उत्पन्न हुन्छ । राजनीतिभन्दा माथि पनि स्वार्थ हुन्छ, त्यो भनेको संवैधानिक स्वार्थ हो । संविधान कार्यान्वयनमा आवश्यक कानूनहरू बनाउँदा व्यापक छलफलबाट व्यवहारिक र सामयिक बनाउन जरूरी छ । आवश्यकता बमोजिम र कार्यान्वयन गर्न सहज कानुन संविधानको सफलताका लागि आवश्यक छ ।
- नेपालको संघीयता सहकार्य, सह–अस्तीत्व, सहसम्बन्ध र समन्वयमा आधारित भएको हुँदा सवै तहका सरकारले असल शासनको अभ्यास, पारदर्शिता र जवाफदेहिता अबलम्बन गर्न जरूरी छ । संघ, प्रदेश र स्थानीय तहले गर्ने कामकारवाहीमा सामन्जस्यता र समन्वय गर्न, तहगत रूपमा उठ्ने र उठ्न सक्ने विवादहरू समाधान गर्न र तहगत समन्वय स्थापित गर्न संविधान र कानुनले प्रबन्ध गरेका अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद् र प्रदेश समन्वय परिषद् जस्ता संयन्त्रहरूलाई बढी प्रभावकारी बनाउन जरूरी छ । समयमा संविधानले व्यवस्था गरेका संयन्त्र गठन र परीचालन नहुँदा संघीय सरकारबाट सबै प्रदेशले विभेद्पूर्ण व्यवहार सहनुपरेको गुनासो छ । संघीय सरकारले समयमै प्रादेशीक संरचना, कानून, ऐन, नियम निर्माण गर्नु आवश्यक छ ।
- नेपालले दीगो विकासको लक्ष्य प्राप्त गर्न अहिले नै बार्षिक औषत १७ खर्व खर्च गर्नुपर्ने एक आंकलन छ । तर हामीसँग अहिले करिब १३ खर्वको मात्र राष्ट्रिय बजेट छ । यस्तो अवस्थामा निजी क्षेत्र, गैर सरकारी क्षेत्र र प्रति घरधुरी योगदानलाई बढोत्तरी गरेर मात्र लक्ष्य प्राप्त गर्न सकिन्छ । दीगो विकासका क्षेत्रमा अन्य मुलुकले हासिल गरेका सफलता र विफलता दुबै अध्ययन गरेर नीति निर्माणमा केन्द्रित भयौँ भने हामीले त्यसबाट सहज उपलब्धि हासिल गर्न सक्छौँ । दीगो विकासका लक्ष्यहरूलाई संसद् र संसदीय समितिमा छलफलको विषय बनाएर अघि बढ्न जरूरी छ ।
- कानुनको अज्ञानता क्षम्य नहुने विश्वब्यापी सिद्धान्त रहेको छ । सांसद्ले मात्र कानुन बुझ्रेर हुँदैन, नागरिकलाई पनि बुझाउनुपर्ने दोहोरो दायित्व सांसद्हरूमा रहन्छ । नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तीनवटै तहहरूलाई कानुन बनाउने अधिकार छ । यो नयाँ परिस्थितिमा एक नागरिकले अब तीन तहका सरकारले बनाउने कानुन जान्नु जरूरी छ । यसका साथै दशकौं पछि मुलुकी ऐनको सट्टा मुलुकी संहिता जारी भएको छ । यो महत्वपूर्ण परिवर्तन हो । यसले मानवजीवनका धेरै विषयलाई कानुनको दायरामा ल्यएको छ । अत कानुनका विषयमा जनतामा व्यापक सचेतना झनै आवश्यक भएको छ ।

> "सविधान कार्यान्वयन गर्न धेरै कानुनहरू निर्माण गर्नुपर्ने छ । निर्माणको क्रममा रहेका कानुनहरूलाई थप व्यवहारिक, सामयिक र उत्कृष्ट बनाउन संसद र सांसदहरूको भूमिका महत्वपूर्ण हुन्छ । यस क्रममा संसद भवन भित्र मात्र नभई बाहिर पनि संचालन हुने संविधान सम्बन्धि बहस, छलफल र अन्तर्क्रियाले सांसदहरूको विषयगत दक्षता बढ्ने छ । हाम्रा आवश्यकता र अन्तर्राष्ट्रिय मूल्य मान्यताका आधारमा व्यापक छलफल र जनसहभागितामा कानुन निर्माण गर्दा दीर्घकालसम्म सकारात्मक प्रभाव पार्दछ ।"
>
> - सम्माननीय सभामुख, कृष्ण बहादुर महरा
> प्रतिनिधिसभा

# सम्पादकीय

नेपालको राजनीतिक इतिहासमा दुईपटक संविधानसभाको निर्वाचन सम्पन्न भयो । पहिलो संविधानसभाले केही कार्यहरु सम्पादन गऱ्यो तर संविधान जारी हुन सकेन । दोश्रो संविधानसभा २०७० माघ ८ गते प्रारम्भ भइ २०७२ साल असोज ३ गते जम्मा ६०७ दिन चालु रह्यो । १३५ पटक बैठक बसी (३२८ घण्टा ४५ मिनेट) संविधानसभाले वर्तमान नेपालको संविधान जारी गऱ्यो । संविधानसभा आफैँमा समावेशी थियो । कुल ६०१ सदस्य रहेको सभामा संविधान जारी गर्दाका बखत ५९८ सदस्य रहेका थिए । संविधान सभाका ५३७ सदस्यहरूले हस्ताक्षर गरेको यो संविधानलाई कार्यान्यन गर्ने सबै जुट्नु आवश्यक छ ।

जनसङ्ख्या तथा विकासका लागि सांसदहरूको राष्ट्रिय मञ्च, नेपाल सन् २०१५ मा स्थापना भएको हो । संसदमा रहेका प्रमुख दलहरूको सहभागिता रहेको यो मञ्चले स्थापना कालदेखि नै सांसदहरु र संसदलाई सशक्त बनाउने दिशामा विविध विषयमा कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यस संस्थाले विशेष गरेर बालबालिका, युवा, महिला, ज्येष्ठ नागरिक र दीगो विकासका लक्ष्यहरूसँग सम्बन्धित विषयका कार्यक्रमहरु गर्दै आएको छ । यो Asian Forum of Parliamentarians on Population and Development (AFPPD) को Asia Pacific क्षेत्रको एक राष्ट्रिय समिति पनि हो । संविधान निर्माणको समयमा र तत्पश्चात पनि संविधानको कार्यान्वयनका लागि यस मञ्चले विविध क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । स्थानीय तह, प्रदेश र संघीय सांसदहरूका लागि विभिन्न कार्यक्रम संचालन गर्दै आइरहेको छ ।

संविधान जारी भएपश्चात् गत वर्ष तीनै तहको निर्वाचन सम्पन्न भै मुलुक अग्रगामी दिशाातर्फ उन्मुख छ । बग्रेल्ती रहेका समस्याहरूलाई छलफलबाट टुङ्ग्याइ राजनीतिक सहमतिपश्चात् निर्वाचन सम्पन्न गरी अघि बढ्नु राजनीतिक दलहरूमा जिम्मेवारीबोध भएको मान्नुपर्दछ । तहगत रूपमा सहकार्य गरी समन्वायत्मक ढङ्गले अघि बढ्नु आजको आवश्यकता हो । संविधानको कार्यान्वयन, दीगो विकासका लक्ष्यहरु प्राप्त गर्न सांसदहरूको भूमिका र जिम्मेवारीका विषयमा द एसिया फाउण्डेशनको स्थानीय सरकार सवलीकरण कार्यक्रमसँग सहकार्य गर्दै विविध कार्यक्रम सञ्चालन गरिएका थिए । यस कार्यक्रमलाई सफल बनाउन सम्माननीय सभामुखज्यू, राष्ट्रियसभाका सम्माननीय अध्यक्षज्यू लगायत विभिन्न राजनैतिक पार्टीका संसदीय दलका नेता, उपनेता, प्रमुख सचेतक र सचेतकका साथै माननीय सांसदज्यूहरूले पुऱ्याउनु भएको सहयोगप्रति आभारी छौँ ।

सम्पादन मण्डल (NFPPD)
श्री महालक्ष्मी उपाध्याय डिना
श्री धनीराम पौडेल
डा. भीष्मनाथ अधिकारी
श्री राम गुरागाइँ




काठमाण्डौमा आयोजित संघीय सांसदहरुसँगको अन्तरक्रिया कार्यक्रममा प्रमुख अथिति सम्माननीय सभामुख कृष्ण बहादुर महरा तथा अन्य अथितिहरु ।

## १. नेपालमा संघीयता कार्यान्वयनको वर्तमान अवस्था

संघीयता राज्यशक्तिको तहगत रूपमा बाँडफाँट गर्ने व्यवस्था हो । विश्वका करिब ३० वटा मुलुकहरूमा संघीय व्यवस्था छ । संघीय व्यवस्था अपनाएका मुलुकहरू सबैमा एकै किसिमको शासकीय स्वरूप छैन । राज्यशक्ति पनि केही मुलुकमा तीन तह र केहीमा दुई तहमा विभाजन गरिएको छ । अमेरिका, क्यानाडा, स्वीट्जरल्याण्ड र अष्ट्रेलिया दोस्रो विश्वयुद्ध पहिलेदेखि नै सफल संघीय मुलुक हुन् । दोस्रो विश्वयुद्ध पछि विभिन्न मुलुकले आन्तरिक द्वन्द्व समाधान गर्ने उद्देश्यले समेत संघीय प्रणाली अपनाएको देखिन्छ ।

नेपालमा लामो समयदेखि केन्द्रिकृत एकात्मक शासन प्रणाली संचालन हुँदै आएकोमा नेपालको संविधानबमोजिम मुलुक संघीय प्रणालीमा प्रवेश गरेको छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अलग–अलग अधिकार क्षेत्र तोकेको छ । संघले मुख्य रूपमा राष्ट्रिय महत्व र अन्तर्राष्ट्रिय सम्बन्धका विषयहरूमा केन्द्रित भई कार्य गर्नुपर्ने, प्रदेशले प्रदेशस्तरीय आवश्यकता र महत्वका विषय एवम् स्थानीय तहले स्थानीय आवश्यकतानुरूपको विकास र सेवा प्रवाहको काम गर्नुपर्ने गरी संविधानले जिम्मेवारी तोकेको छ । वर्तमान अवस्थामा संघ, सात वटा प्रदेश र ७५३ स्थानीय तहबाट राज्यशक्ति प्रयोग भइरहेको छ ।

वि.सं. २०७४ मा संघ, प्रदेश र स्थानीय तहको निर्वाचन सम्पन्न भएसँगै तीनवटै तहमा राजनीतिक इकाइहरू गठन भई सम्बन्धित सरकारले आ–आफ्ना जिम्मेवारीहरू सम्पादन गर्दै आएका छन् । संघ, प्रदेश र स्थानीय तह आ–आफ्नो अधिकार भित्रका कानुन बनाउने कार्य, विकास निर्माण र जनशक्ति व्यवस्थापनमा नै केन्द्रित रहेको अहिलेको अवस्था छ । नेपालको सन्दर्भमा संघीयता नयाँ राजनीतिक व्यवस्था भएको कारणले यसको कार्यान्वयनमा स्वतः सिद्ध अनुभव हामीसँग छैन । अहिले देखिएको अलमल र ढिलाई त्यसैको परिणाम हो ।

> "अहिले तीन तहका सरकार गठन भएका छन्, विकास निर्माण तहमा स्थानीय र प्रदेश सभा छन् । अब केन्द्रीय संसद साँच्चिकै विकास निर्माण हैन विधायीकीमा केन्द्रित हुनु जरूरी छ । विधि र नीति निर्माणमा केन्द्रित हुनुस् । फाइल बोकेर हिँड्न छाड्नुस् विधि अनुसार चलौं । स्थानीय तहमा बजेट र कार्यक्रम तयार पारौं । स्थानीय तहबाटै कार्यान्वयन गरौं । यसो भएमा हाम्रो दायित्व सही रूपमा पूरा हुनेछ ।"
>
> – सम्माननीय गणेशप्रसाद तिमिल्सिना, अध्यक्ष, राष्ट्रिय सभा

परिवर्तित परिस्थितिमा सङ्घीयतालाई आत्मसाथ गर्दै संविधानले निर्दिष्ट गरेका अधिकार कार्यान्वयन गर्न केन्द्रिकृत र एकात्मक मानसिकताको परिवर्तन हुन जरूरी छ । प्रदेशको आफ्ना मातहतका कार्यालयहरूमा आवश्यक कर्मचारी र बजेटको व्यवस्था ढिलाई हुनु, केन्द्रीय तहबाट आवश्यक कानुन र नीतिगत अस्पष्टताले गर्दा प्रदेश तहमा कानुन निर्माण प्रक्रियामा बाधा उत्पन्न भएको बुझाई छ । प्रचलित कतिपय नेपाल कानुनले प्रदेश र स्थानीय तहलाई सम्बोधन गर्न सकेको छैन । यथासमयमा संविधान कार्यान्वयनको पर्याप्त तयारी नभएका कारण कानुन, बजेट, जनशक्ति अभाव र तहगत रूपमा सहकार्य, सह–अस्तित्व र समन्वयको अभाव खड्किएको अनुभूति भएको छ ।

संघीयतामा सबै सरकारहरू एकअर्काका प्रतिस्पर्धी नभएर पूरक हुन् । संघ, प्रदेश र स्थानीय तहले गर्ने काम कारबाहीमा सामञ्जस्यता र समन्वय गर्न तहगत रूपमा उठ्ने र उठ्न सक्ने विवादहरू समाधान गर्न र तहगत समन्वय स्थापित गर्न संविधान र कानूनले प्रबन्ध गरेका अन्तर प्रदेश परिषद, अन्तर सरकारी वित्त परिषद र प्रदेश समन्वय परिषद जस्ता सयन्त्रहरूलाई प्रभावकारी बनाउन जरूरी छ । स्थानीय तह र संघलाई समन्वय गर्ने समन्वयकारी भूमिका स्थापित हुन नसक्नु अर्को चुनौती हो । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग गठन नभएकाले तहगत सरकारबीच स्रोतको न्यायोचित बाँडफाँटको मुद्दा कायमै छ ।




**काठमाण्डौमा संघीय महिला सांसदहरुसँगको अन्तरक्रिया कार्यक्रममा मन्तब्य व्यक्त गर्दै राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिना**

## २. संविधान कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय व्यवस्थापिकाको भूमिका

कानून निर्माण गर्दा संसदीय प्रक्रिया एवम् आमजनता र सरोकारवालाहरूसँग गरिने छलफलको गहनताले कानूनको स्तरको मापन गर्ने हुनाले तर्कपूर्ण छलफल, संवाद र विचारको आदान प्रदानको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ । कानूनमा हुने संरचनात्मक त्रुटिले यसको कार्यान्वयनमा समस्या उत्पन्न हुन्छ । त्यसैले संविधान र कानूनमा लेखिएका हरेक शब्द अर्थपूर्ण र सरल हुनु पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ । कानून अड्कलेर पढ्ने र बुझ्ने सुविधा राखिनु हुँदैन । त्यसैले सामान्य र आधारभूत कुराहरूलाई पनि उत्तिकै महत्वका साथ केलाइनु पर्दछ । कानून देखाउनका लागि या कसैको डरले मान्ने होइन । स्वभाविक रसहज रूपमा सबैलाई मान्य हुने कानुन बनाउनु जरूरी हुन्छ ।

सवै तहका जनप्रतिनिधिहरू गणतन्त्रात्मक व्यवस्थामा संघीयता, राज्य पूनःसंरचना र समावेशी लोकतन्त्रका बारे स्पस्ट हुनु जरूरी छ । संविधान कार्यान्यनको जिम्मा राज्यका संरचनाहरूको हो र सांसदहरूले बुद्धि र विवेक प्रयोग गरेर संविधानले उपलब्ध गराएको नक्सा भित्र रहेर आवश्यक कानून, नियम नीतिहरूको तर्जुमा समयमा नै गर्नु जरूरी छ । दीगो विकास, सुशासन र समृद्धि संविधान कार्यान्वयनबाट मात्र हुने हुँदा सवै तहका जनप्रतिनिधिहरूले यस कुरालाई मनन गर्नु अत्यन्तै आवश्यक छ । कानुन निर्माणमा विषयवस्तु मात्र नभई सोको कार्यान्वयनको पक्ष पनि महत्वपूर्ण कुरा हो ।

राज्यशक्ति मूलतः राज्यका अङ्गहरू व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाले प्रयोग गर्दछन् । कानुन बनाउने, सरकारलाई नियन्त्रण गर्ने, हरेक आर्थिक बर्षमा सरकारको बजेटमा छलफल गरि बजेट र कार्यक्रम पारित गर्ने, अन्तराष्ट्रिय सन्धि संझौता अनुमोदन गर्ने, संवैधानिक पदाधिकारीले खराब आचरण वा संवैधानिक जिम्मेवारी वहन गर्न असक्षम भएको अवस्थामा महाअभियोग लगाई पदमुक्त गर्ने लगायतका कामहरू व्यवस्थापिकाले गर्नुपर्ने मुख्य कामहरू हुन् । कार्यपालिकाले कानुन कार्यान्वयन गर्ने र न्यायपालिकाले कानुनको व्याख्या गर्ने कार्य गर्नुपर्ने गरी संविधानले जिम्मेवारी र भूमिका निर्धारण गरेको छ ।

यो संविधान राष्ट्रले धेरै मूल्य चुकाएर संविधानसभाबाट निर्माण गरेको हो । यसले अंगिकार गरेको मूल्य मान्यतालाई साकार बनाउन सक्नु आजको चुनौती हो । यो जनताको संविधान हो त्यसैले जनताले यसमा पहुँच पाउनु पर्छ, स्वामित्व हुनुपर्छ । संविधानबारे नबुझाइकन यसलाई हरेक व्यक्तिले मान्नै पर्छ भन्नु पनि व्यवहारिक हुन सक्दैन । संविधान बारे बुझाउनु, चिनाउन विशेष पहल गर्न जरूरी छ । संविधान लागु गर्ने कार्य संघीय सरकारको मात्रै होइन, सबै तहका सरकारको दायित्व हो । संविधान कार्यान्वयन गर्नलाई सम्पूर्ण जिम्मेवार निकाय, धनराशी, असल नियत र प्रणाली चाहिन्छ । यो संविधान कार्यान्वयन गर्न सकारात्मक सहयोग, सहमति, संवाद र सहकार्यको परिकल्पना संविधानले नै गरेको छ । असहमति र असहिष्णुतालाई संवादको माध्यमबाट सम्बोधन गर्दै जानुपर्छ अन्यथा संविधान कार्यान्वयनमा जटिलता आउँछ ।

संविधान कार्यान्वयन गर्न आवश्यक कानुनहरू बनाउनु संघीय संसदको पहिलो जिम्मेवारी हो, मौलिक हकसँग प्रत्यक्ष र परोक्ष सम्बन्ध रहेका विषयहरूमा कानुन बनाउनु, संविधान प्रतिकूलका विद्यमान कानुनहरूको पुनरावलोकन गरी प्रचलित कानुनलाई अद्यावधिक गर्नु, सरकारलाई सुशासनमैत्री शासन संचालन गर्न निर्देशन दिनु, संविधान, ऐन कानुन र संसदीय निर्देशन बमोजिमको काम भए नभएको सम्बन्धमा अनुगमन गर्नु, संवैधानिक निकायहरूको प्रतिवेदन उपर छलफल गरी आवशयक निर्देशन दिनु, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व लागु गर्न गराउन अनुगमन गर्नु जस्ता कार्यहरू संघीय संसदले गर्नुपर्ने संवैधानिक जिम्मेवारी रहेकाले संघीय सांसदहरूले त्यस्ता कार्य समयमै गर्न गराउन बढी सक्रिय हुनुपर्ने हुन्छ ।

यस्तै प्रदेशसभाले संविधानद्वारा तोकिएको जिम्मेवारी बहन गर्नुपर्ने भएकाले प्रदेश सांसदहरूको भूमिका संविधानको अनुसूचीमा तोकिएको प्रदेशको अधिकारसूची भित्रका कानुन बनाउन, प्रदेश सरकारलाई निर्देशन र नियन्त्रण गर्न लगायत प्रदेश सरकारका काम कारवाहीको अनुगमन गरी प्रदेश व्यवस्थालाई बलियो बनाउन सक्रिय भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।



**सुर्खेतमा आयोजित कर्णाली प्रदेशसभाका सदस्यहरुसँगको अन्तरक्रिया कार्यक्रममा उपस्थित सहभागीहरु**

## ३. संविधान कार्यान्वयनमा सरोकारवालाहरुलाई उपलब्ध गराइनुपर्ने महत्वपूर्ण सूचनाहरु

संविधान आफै स्वतः कार्यान्वयन हुँदैन । संविधानलाई कार्यान्वयन गर्ने जिम्मेवारी भनेको सम्बन्धित सरोकारवालाको हो । संविधान बनाउने राजनीतिक दलहरूले संविधानलाई कार्यान्वयन गर्न बढी सक्रिय हुनुपर्दछ । यस्तै संविधानमा श्रृजित अङ्ग र निकायहरूको भूमिका त्यति नै प्रभावकारी हुनुपर्दछ । यसका अतिरिक्त सामाजिक शक्तिको रूपमा रहेका सञ्चार माध्यम, सामाजिक संघ संस्था र नागरिक समाजले स्वस्थ जनमत निर्माण गरी राज्यको काम कारवाहीमा पहरेदारीको भूमिका निर्वाह गर्नुपर्दछ ।

नेपालको संविधान कार्यान्वयनको चरणमा रहेकाले संविधानलाई जीवन्त र गतिशील बनाउने दायित्व र जिम्मेवारी सम्बन्धित सबै पक्षको हो त्यसमा पनि राज्यशक्ति प्रयोग गर्ने संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको बढी जिम्मेवारी हुन्छ । प्रतिष्पर्धी बहुदलीय लोकतान्त्रिक व्यवस्थामा जनमत परिचालन गर्ने माध्यम राजनीतिक दलहरू भएकाले उनीहरूको भूमिका संविधानको उद्देश्य र मर्म अनुरूपको हुनुपर्दछ । नागरिक कर्तव्यको बोध गरी संविधानले निर्दिष्ट गरेको लक्ष्य प्राप्तिमा सम्बन्धित सबै क्रियाशील हुन सकेमा नै संवैधानिक लोकतन्त्र सफल हुन्छ ।

"संविधानको कुन धारामा के लेखिएको छ भन्ने कुरा आम जनतालाई चासोको विषय हुँदैन तर संविधानमा लेखिएको धाराबाट आफ्नो घरको धारामा पानी आयो आएन भन्ने मात्र जनताले हेर्छन् र यसलाई स्वीकार गर्दछन् ।" त्यसो हुँदा संविधानमा व्याख्या भएका जनसरोकारका विषयवस्तुहरू जनता समक्ष लगी व्यापक छलफल हुन आवश्यक छ । तर यो कुरा हुन सकेको छैन । संविधानको श्रोत जनता हुन् र जनताको स्वामित्व र अपनत्वबिना यसको प्रभावकारी कार्यान्वयन सम्भव हुन्न । त्यसैले सरकारी तथा गैर-सरकारी क्षेत्रबाट अन्तरवस्तुलाई जनसमक्ष लानुपर्ने आजको आवश्यकता हो ।



पोखरामा आयोजित गण्डकी प्रदेशका प्रदेशसभा सदस्यहरुसँगको अन्तरक्रिया कार्यक्रममा उपस्थित सहभागीहरु

## ४. दीगो विकासका लक्ष्यहरु

सन् २०१५ सम्मका लागि शहस्राब्दी विकासमा लक्ष्यहरू (MDGs) तय भै कार्यान्वयको क्रममा रहेकै अवसरमा सन् २०१२ देखि सन् २०१५ सम्म संयुक्त राष्ट्र संघको नेतृत्वमा आउँदो सन् २०३० सम्मका लागि दीगो विकासका लक्ष्यहरू (SDGs) तय गरिएका छन् । संयुक्त राष्ट्र संघमा १९३ सदस्य राष्ट्रहरू, लाखौं नागरिक समाज, गैर सरकारी क्षेत्र र लाखौं विकासका ज्ञाताहरूका साथै अनुसन्धानकर्ताहरूको व्यापक छलफल र परामर्श पश्चात् १ जनवरी २०१६ बाट सन् २०३० सम्मका लागि यो साहसिक र विश्वव्यापी सम्झौता लागू गरिएको छ । १७ वटा दीगो विकासका लक्ष्यहरू र १६९ सहायक लक्ष्यहरू तय गरिएको यो अभियानमा खास गरेर पृथ्वी, मानव समाज, समृद्धिको यात्रा, शान्ति र साझेदारी पाँच स्तम्भको रूपमा रहेका छन् । संसारमा रहेको गरिबीको अन्त्य, भोकमरीको अन्त्य, सुस्वास्थ्य तथा समृद्ध जीवन, गुणस्तरीय शिक्षा, लैङ्गिक समानता, स्वच्छ पिउने पानी तथा सरसफाई, किफायती र स्वच्छ उर्जा, मर्यादित काम र आर्थिक वृद्धिलाई दीगो विकासका लक्ष्य तय गरिएको छ । त्यसैगरी उद्योग, नविन खोज र पूर्वाधार, असमानता न्यूनीकरण, दीगो शहर र समुदाय, दीगो उपभोग तथा उत्पादन, जलवायुमा पहल, जलमुनिको जीवन, जमिन माथिको जीवन, शान्ति, न्याय र सक्षम निकायहरू र लक्ष्य प्राप्तीका लागि साझेदारी गरी १७ लक्ष्यहरू किटानी गरिएका छन् ।

मानव जातीका लागि कसरी असल र दीगो भविष्य सुनिश्चित गर्न सकिन्छ, यी लक्ष्यहरू त्यस तर्फ केन्द्रीत रहेका छन् । कसैलाई पनि नछुटाइकन अघि बढ्न यी लक्ष्यहरू अत्यन्त महत्वपूर्ण छन् । संसारभर विकास गर्न यो मार्गचित्र गरिब देश मात्र होइन धनी देशहरूको पनि उतिकै महत्वपूर्ण रहन्छ । यी लक्ष्यहरू प्राप्त गर्न सरकार, नागरिक समाज, गैर सरकारी क्षेत्र, निजी क्षेत्र र आम जनताको महत्वपूर्ण भूमिका रहन्छ । नेपाल पनि एक हस्ताक्षरकर्ता र संयुक्त राष्ट्र संघको सदस्य राष्ट्रको नाताले दीगो विकासका लक्ष्यहरू प्राप्त गर्ने दिशामा आवश्यक कानूनी र उपयुक्त रूपमा श्रोत परिचालन गरी ठोस कार्यान्वयनलाई ध्यान दिई अघि बढ्नु जरूरी छ ।

## ५. चुनौती र सुझावहरू

संविधानसभाले बनाएको नेपालको संविधान नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र सङ्घर्ष, त्याग र बलिदानको उपज भएकाले संविधानको सफल कार्यान्वयन आवश्यक छ । यसका निम्ति देहायका वर्तमान चुनौतीहरूलाई समयमै सम्बोधन गर्दै जान सक्नुपर्दछ :-

- सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्ध स्थापना गरी सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सञ्चालन गर्न सोही अनुरूपको कानुन, संयन्त्र र प्रणालीको विकास गर्ने,
- संविधानले अंगीकार गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणमा तहगत सबै सरकारहरू तत्पर रहने वातावरण सिर्जना गर्ने,
- संविधान निर्माणको क्रममा संविधानसभा बाहिर रहेका राजनीतिक शक्तिहरूलाई समेत संविधान कार्यान्वयन प्रक्रियामा संलग्न गराई तथा व्यापक छलफल मार्फत संविधानप्रतिको अपनत्व र स्वीकार्यता बढाउने,
- नेपालको संविधानले निर्दिष्ट गरेको दिगो शान्ति, विकास, सुशासन र समृद्धिको संकल्प पूरा गर्न संविधानले माग गरेका आवश्यक कानुनहरु समयमै निर्माण गर्ने,
- सार्वजनिक प्रशासनलाई यथाशीघ्र पुनरसंरचना गरी तहगत सरकारमा कर्मचारीको समायोजन र व्यवस्थापन गर्ने,
- वित्तीय संघीयताको पक्षलाई मजबुत तुल्याउने ।

## ६. कार्यदिशा र निष्कर्ष

समृद्ध नेपाल र सुखी नेपाली बनाउने आधार र अवसरहरु संविधानले प्रदान गरेको सन्दर्भमा संविधानलाई सफल बनाउन देहायको मार्गचित्रभित्र रही कार्य गर्नु आवश्यक छ–

- संविधान बमोजिम बहुमतको निर्वाचित सरकार भएकाले सरकारको स्थायित्वको अवस्था भएका कारण सरकारले राष्ट्रिय गौरवका आयोजनाहरूलाई समयमा नै सम्पन्न गर्ने, भ्रष्टाचारको रोकथाम र नियन्त्रण गर्ने, भ्रष्टाचार गर्ने जोसुकैलाई पनि कानुनी कारवाहीको दायरामा ल्याउने, यसका निम्ति विद्यमान कानुनमा सुधार गरी सुशासन कायम गर्न संसदीय अनुगमनलाई प्रभावकारी बनाउने र संसद र संसदीय समितिले दिएका निर्देशनहरूलाई पालना गर्ने गराउने अवस्था सिर्जना गर्ने ।
- देशका नागरिकहरूका लागि आधारभूत स्वास्थ्य र शिक्षाको सुविधा, मर्यादित काम, सुरक्षित आवास, पिउन योग्य खानेपानीको व्यवस्था र न्यूनतम खाद्य सुरक्षा जस्ता मानवोचित आवश्यकताको परिपूर्ति आजको न्यूनतम प्रस्ताव विन्दु रहेका छन् । संविधान प्रदत्त मौलिक अधिकारहरूको रूपमा रहेका जीवनयापनका न्यूनतम आधारभुत आवश्यकताहरू परिपूर्ति गरी गरिबी, विपन्नता, र पछौटेपनको अन्त्य गर्नु आजको आवश्यकता हो । गरिबी निवारण, शिक्षा, स्वास्थ्य जस्ता विषयमा योजना तर्जुमा गर्न सहभागितात्मक योजना तर्जुमा गोष्ठी संभालन गर्नुपर्दछ ।
- राजनीतिक स्थायित्व कायम हुने अवसरका कारण सार्वजनिक, निजी र सरकारी क्षेत्रको सहभागितामा समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने । यसका निम्ति वैदेशिक लगानी भित्र्याउन सोही अनुरूपको नीति र कानुन निर्माण गर्ने, यसैगरी निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न सोही अनुरूपको विश्वासको वातावरण सिर्जना गर्ने ।
- मुलुकको विकासका लागि वित्तको आवश्यकता परिपूर्ति गर्न अन्तराष्ट्रिय विकास सहायताले दशकौंदेखि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेको छ। यसलाई थप उपयुक्त वातावरण निर्माण गरी अघि बढ्न जरूरी छ । वर्तमान ऐनलाई समयोचित रूपमा संसोधन, परिमार्जन गरी वैदेशिक सहायताको उल्लेख्य अभिवृद्धि नगरी ठूला परियोजना संचालनमा कठिनाई हुने देखिन्छ ।
- सरकारले निर्दिष्ट गरी कार्यान्वयनको प्रक्रियामा रहेको दीगो विकासका लक्ष्य हासिल गर्न आवश्यक कानुन, नीति नियम र साधन श्रोतको व्यवस्थापन गरेर प्रभावकारी कार्यान्वयनमा जोड दिने । राज्यको तर्फबाट मात्र लक्ष्य हासिल गर्न सम्भव नहुने हुँदा गैरसरकारी र निजी क्षेत्रसँगको सहयोग र सहकार्यलाई अनिवार्य रूपमा जोड दिने । यसका निम्ति तीनै तहका सरकारलाई दीगो विकासका लक्ष्यबारे बोध गराई कार्यान्वयनमा ल्याउने ।
- दीगो विकासका लक्ष्यहरू विश्वव्यापी लक्ष्यहरू हुन् । यी लक्ष्यहरू तय गर्न धेरै ठूलो परिश्रम, लगानी र अनुसन्धान गरिएको छ । विगतका अनुभवहरूबाट पाठ सिक्दै पृथ्वी, मानव, सम्वृद्धि, शान्तिका लागि विशेष रूपमा केन्द्रीत गरिएको छ । तीनै तहले यी लक्ष्यहरू प्राप्त गर्न आवश्यक नीति तर्जुमा गर्दै श्रोतको उपयुक्त व्यवस्थापन गर्न जरूरी छ ।

- तीनै तहका सरकाहरूको बीच सुमधुर सम्बन्ध स्थापना गरी सहभागिता, सहकार्य र सह-अस्तित्वका आधारमा स्वच्छ र पारदर्शी रूपमा शासन सञ्चालन गर्ने । संविधानमा उल्लेखित अधिकारसूचीका विषयहरूलाई समयमै स्पष्ट पारी तहगत अन्तरसम्बन्धलाई बलियो बनाउने । यसैगरी अन्तरसरकारी परिषद्को कार्यविधि तर्जुमा गरी अन्तरसरकारी परिषद्को कामकारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउने ।
- तीनै तहका अधिकारको सूचीको संविधानमा व्यवस्था गरिए बमोजिम कार्य सम्पन्न गर्न हरेक तहले गहन अध्ययन, छलफल, समन्वय, विश्लेषण, अनुसन्धान, अध्ययन भ्रमण लगायतका सशक्तिकरण अभियान संचालन गर्नु जरूरी छ । यसो गर्न सकिएमा मात्र उपयुक्त कानुन निर्माण भई कार्यान्वयन हुन सक्नेछ ।
- नेपालको संविधानले परिवर्तनशीलतालाई आत्मसात गरी संविधान संशोधनको सम्बन्धमा लचकताको सिद्धान्तलाई आत्मसात गरेको छ । नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ता बाहेकका अन्य विषयहरु जनताको चाहनाबमोजिम संसदको दुई तिहाई मतबाट संशोधन गर्न सकिने व्यवस्थाले विभिन्न स्वार्थहरूलाई संविधानमा सम्बोधन गर्नसक्ने अवसर रहेकाले द्वन्द्वको न्यूनीकरणको संभावनाहरु रहेको छ ।

## ७. संसदीय प्राथमिकता

- संवाद, सहमति, सहकार्य र सदभाव कायम गर्दै संविधानले परिकल्पना गरेबमोजिम समयमानै आवश्यक कानुन निर्माण गर्ने र सङ्घ र प्रदेश बीचको असमझदारी बेलैमा सम्बोधन गर्ने । प्रदेश र स्थानीय तहका लागि कानुन निर्माण गर्दा सम्बन्धित तहका प्रतिनिधि र सरोकारवाला पक्षहरूसँग घनिभूत छलफल गरी त्यसका आधारमा नीति, नियम र कानुन निर्माण गर्ने ।
- संविधानको अधिनमा रहि विधेयक प्रस्तुत गर्ने अधिकार संसदमा रहेका कानुन निर्माणका लागि ज्ञानको क्षेत्रलाइ अझ विस्तृत बनाउन र प्रमाणमा आधारित कानुन बनाउन संसदभित्र र बाहिरबाट समेत विविध कार्यक्रम गर्न सहयोग गर्ने ।
- जनताले आफ्ना निर्वाचित प्रतिनिधि मार्फत राम्रो कानुन, बजेट व्यवस्थापन र विकासका कुराहरू खोजेका छन् । योजना निर्माण र बजेटपूर्व नै विषय अन्तर्क्रिया र छलफल हुनु आफैंमा महत्वपूर्ण रहन्छ । असल शासनबारे जनता र स्थानिय जनप्रतिनिधिबीच अन्तरक्रिया गर्ने ।
- सांसदहरु आफैँमा क्षमतावान, उर्जाशील र सशक्त हुँदै जानुपर्ने, छलफललाई व्यापक बनाउनुपर्ने । कानुन निर्माणको कार्य अनुगमन र सभाको काम कारवाहीलाई प्रभावकारी बनाउन विज्ञहरूबाट परामर्श, छलफल र प्रशिक्षणको प्रक्रियाद्वारा सांसदहरूको क्षमता अभिवृद्धि गर्ने । यसका साथै संघ, प्रदेश र स्थानीय तहमा कानुन श्रोत केन्द्र स्थापना गर्नुपर्ने, स्रोत केन्द्रलाई व्यवस्थित गरी आवश्यक पुस्तक, श्रव्य, दृश्य, इ-मिटिङ, सभा, सम्मेलन जस्ता दुर सम्बोधन गर्ने प्रविधिको जडान गरी कार्य गर्ने ।
- महिला सांसदहरूको नेतृत्व, क्षमता विकास, सशक्तिकरण तथा संसदमा अर्थपूर्ण र प्रभावकारी सहभागिता बढाउनका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण लगायत विभिन्न समसामयिक विषयमा विशेष कार्यक्रमको संचालन गर्ने र कानुन सुधारका लागि पहल गर्ने । लैङ्गिक समानतामा आधारित बजेट प्रणालीको विकास गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तह बीचको कानुनी अस्पष्टता हटाउँदै संविधानबमोजिम राज्यले निर्दिष्ट गरेका र जनतासँग बाचा गरेका कुराहरु इमान्दारीपूर्वक लागू गर्ने कुरामा सरकारका कार्यहरूको निगरानी गर्दै संसद्ले पारित गरेका कानुन र दिएका निर्देशनहरूको प्रभावकारी कार्यान्वयनमा जोड दिने । यसका लागि अनुगमन प्रणालीलाई प्रभावकारी बनाई कार्यान्वयन गर्ने, गराउने ।
- प्रचलित कानुनहरूमा तादम्यता र कार्यान्वयनबारे सांसद र विज्ञहरु सहितको टोलीले अनुगमन र पीडित पक्षसँग भेटघाट गर्नुपर्ने ।
- विकास निर्माणको अनुगमन निरीक्षण प्रक्रियालाई सरलीकरण गरी आयोजनागत निरीक्षण भ्रमण गर्नुपर्ने ।
- कानुन निर्माण गर्दा आवश्यकतानुसार विज्ञ समूह, गैरसरकारी क्षेत्र र जनतासँग सल्लाह र सुझाव लिएर वा बुझेर बनाउने र संरचनात्मक त्रुटी नहुने तर्फ विशेष ध्यान पुऱ्याउने, यसका लागि संसदीय समितिको प्रक्रियामा विज्ञहरूको समूहसँग नियमित परामर्श गर्ने।
- संसदीय प्रक्रियामा राष्ट्रिय र अन्तर्राष्ट्रिय अनुभवलाई समेत ध्यान दिई कानुन निर्माण गर्ने । यसका लागि संघीयता अपनाएका मुलुकहरूले प्राप्त गरेका सफलता नेपालका निम्ति पनि उपयोगी हुन सक्ने भएकाले त्यस्ता मुलुकहरूको प्रणाली र प्रक्रियाहरूको अवलोकन र अध्ययन गरी अनुभव आदान प्रदानको विशेष व्यवस्थाहरू गर्ने ।

# संविधानको कार्यान्वन : तहगत अन्तरसम्बन्ध र भूमिका

❑ काशीराज दाहाल



## १. पृष्ठभूमि

संविधान राज्य र नागरिकको सम्बन्ध स्थापित गर्ने राज्य संचालनको मूल कानुन हो । संविधानले राज्य संचालनका आधारभूत सिद्धान्तहरूलाई समावेश गरी नागरिक हक अधिकारको प्रत्याभूत गर्दछ । संविधान मुलुकको मार्गचित्रलाई व्यवस्थित र नियमित गर्ने कानुनी र राजनीतिक लिखत हो । संविधानले मूलतः राज्यको संरचना, कार्यप्रणाली, नागरिक अधिकार, शासक र शासितको सम्बन्धलाई परिभाषित र स्थापित गर्दछ । न्यायमूर्ति जोन लज (१९९६) भन्दछन् –

> *"Constituion is a set of legal rules which governs the relationship in a state between the ruler and the ruled" .*

विश्वमा १८ औं शताब्दीबाट एउटै लिखतमा संविधान लेख्ने प्रचलनको विकास भयो । त्यसभन्दा पहिले आ–आफ्नै संवैधानिक व्यवहार, रीतिथिति र प्रचलनबमोजिम राज्य संचालन हुँदै आएको अवस्था थियो । यस्ता व्यवहार र रीतिथिति परम्पराबाट मात्र राज्य संचालन गर्न कठिनाई भएको महसूस गरी संविधान मार्फत राज्य संचालन गर्ने मान्यताको विकास हुन पुग्यो । आज विश्वका प्रायः सबै मुलुकहरूमा कुनै न कुनै स्वरूपको संविधान कार्यान्वयनमा रहेका छन् । तर पनि कतिपय मुलुकमा संविधानवाद बमोजिमका संविधान छैनन् । संविधानवाद भनेको सरकारको अधिकारलाई सीमित गरी नागरिकको हक अधिकारको प्रत्याभूत गर्ने सिद्धान्त हो ।

विश्वका संविधानहरूलाई वर्गीकरण गर्दा मूलतः नागरिकका राजनीतिक र नागरिक अधिकारलाई महत्व दिइएका संविधानहरू अमेरिका, क्यानाडा, अष्ट्रेलिया जस्ता मुलुकहरूमा देखिन्छन् । जर्मनी, फ्रान्स, नर्वे, स्वीडेन जस्ता मुलुकहरूले सामाजिक लोकतन्त्रका मान्यतालाई अवलम्बन गरेका संविधानहरू निर्माण गरी लागू गरेको देखिन्छ । चीन, क्यूबा जस्ता मुलुकहरूले साम्यवादको दर्शनमा आधारित केन्द्रीकृत लोकतान्त्रिक पद्धतिलाई स्वीकार गरेका संविधान बनाई लागू गरेका छन् । उपनिवेशबाट स्वतन्त्र भएका अफ्रिका, एशिया लगायतका कतिपय मुलुकहरूले आफ्नो मुलुकको स्वतन्त्रतालाई अक्षुण राख्ने प्रतिबद्धता सहित आधुनिक लोकतान्त्रिक सिद्धान्तको पृष्ठभूमिमा आफ्नो परिवेश अनुरूप संविधान निर्माण गरी लागू गरेका छन् । बेलायत, इजरायल र इरान जस्ता मुलुकहरूले आ–आफ्ना परम्परागत मान्यताहरूलाई आत्मसात गर्दै संवैधानिक अभ्यासलाई अगाडि बढाएका छन् । विश्वका सबै मुलुकमा एकै किसिमका संविधान छैनन् । आ–आफ्नो मुलुकको आवश्यकता अनुरूप संविधान निर्माण गरी लागू गरेका छन् ।

संविधान जहिलेसुकै पनि बन्ने सामान्य कानुन नभई राज्यशक्ति सन्तुलनको मूल कानुन हो । संविधान खास अवस्था र विशेष परिस्थितिमा निर्माण हुन्छ । अमेरिका स्वतन्त्र भएपछि अमेरिकाले आफ्ना नागरिकको जीवन, स्वतन्त्रता र सुखको सुनिश्चितताका निम्ति संवैधानिक सम्मेलनको प्रक्रियाद्वारा सन् १७८७ मा बनाएको संविधान अहिलेसम्म जीवन्त छ । अमेरिकी संविधान समय सापेक्ष संशोधन हुँदै असल अभ्यास र न्यायिक व्याख्याद्वारा गतिशीलता प्राप्त गर्दै मुलुकलाई समृद्ध बनाउन सफल भएको छ । फ्रेन्चक्रान्तीको परिणाम फ्रान्सले संविधान निर्माणको काम गरेको भएपनि धेरै लामो समयसम्म विभिन्न किसिमको संविधान निर्माणको प्रयोगशाला बनिरह्यो । फ्रान्समा अहिलेको संविधानले स्थायित्व प्राप्त गर्दै अगाडि बढेको छ । आज विश्वका अन्य कतिपय मुलुकहरूमा संविधानले स्थायित्व प्राप्त गर्न नसक्दा त्यस्ता मुलुकहरू संविधान निर्माणका प्रयोगशाला बनिरहेका छन् । संविधान सजीव हुन मूलतः संविधान निर्माणको प्रक्रियामा जनताको व्यापक सहभागिताद्वारा संविधानप्रति अपनत्व सिर्जना गर्ने र लोकतन्त्रका आधारभूत अन्तर्वस्तुलाई संविधानमा समाहित गरी सुशासनको अनुभूति दिन सकेको संविधानहरू नै जीवन्त बनेका छन् । संविधानले एउटा पद्धति र प्रणाली दिने हो, त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने भनेको संविधान संचालन र पालना गर्नेहरूको भूमिकामा नै संविधानको भविष्य निर्भर गर्ने हो ।

संवैधानिक चेतनाको विकासद्वारा संवैधानिक संस्कृतिको विकास गर्न नसक्दा कतिपय मुलुकहरूमा संवैधानिक लोकतन्त्र सङ्कटकै अवस्थाबाट गुज्रिरहेको छ ।

संविधान भनेको समाजका विविध पक्षलाई जोड्ने माध्यम हो । संविधानले सबैलाई जोड्न सक्नुपर्दछ । समाजलाई विखण्डित गर्ने, राष्ट्रिय एकता र सामाजिक सद्भावलाई खलबल्याउने किसिमका विषयहरू संविधानमा समावेश गर्नु हुँदैन । संविधान आफै द्वन्द्व सिर्जना गर्ने बिउ पनि बन्नु हुँदैन । संविधानले राष्ट्रिय आकांक्षालाई सम्बोधन गरी मुलुकलाई समृद्ध बनाई आम जनताको जीवन, स्वतन्त्रता र सुखको सुनिश्चितता गर्ने आधार प्रस्तुत गर्नुपर्दछ । आधुनिक लोकतान्त्रिक संविधानहरूले मानव अधिकारका आधारभूत मान्यताहरू, सुशासनका अवधारणाहरू, विधिको शासनका सिद्धान्तहरू, संविधानवाद र लोकतन्त्रका अन्तरवस्तुलाई संविधानमा समाहित गरी मुलुक र जनताको सुख र समृद्धि प्राप्त गर्ने उद्देश्य राखेको देखिन्छ । संविधानमा राम्रा व्यवस्थाहरू गरिए पनि द्वन्दपछिका कतिपय मुलुकहरूमा संवैधानिक लोकतन्त्र सङ्कटमै रहेका छन् । यसो हुनुको मुख्य कारणमा संविधान आफै स्वतः कार्यान्वयन वा क्रियाशील हुने होइन, यसलाई जीवन्त बनाउने दायित्व निर्वाह गर्नुपर्ने पक्षहरू नै प्रभावकारी रूपमा संविधान कार्यान्वयनमा उदासिन हुँदा, असल शासन दिन नसक्दा, मुलुकको समस्यालाई सम्बोधन गर्न नसक्दा, सङ्कीर्ण स्वार्थमा केन्द्रीत भई कार्य गर्न पुग्दा, राज्यसम्पदा अनुचित किसिमले दोहन गर्ने कार्यमा मात्रै लाग्दा, भ्रष्टाचार र अनियमिततालाई रोकथाम र नियन्त्रण गर्न असक्षम हुँदा, राज्यका निकायहरूले चुस्त र प्रभावकारी सेवा प्रवाह गर्न नसक्दा नवोदित लोकतान्त्रिक मुलुकहरू संकटको भूँवरीबाट उठ्न सकेका छैनन् । राजनीतिले संविधान निर्माण गर्ने र अनि राजनीति त्यही संविधानकै अधिनमा रही गर्ने राजनीतिक संस्कृतिको विकास गर्न सकेमा नै संविधान गतिशील हुने हो ।

## २. संविधानको स्वीकार्यता र गतिशीलता

संविधान गतिशील हुन जनताको स्वीकारोक्ती र समय सापेक्ष सुधार महत्वपूर्ण कुरा हो । आधुनिक लोकतन्त्र संवैधानिक लोकतन्त्र हो । राजनीतिक शक्तिहरूले संविधान निर्माण गर्दछन् । अनि संविधानबमोजिम राजनीति संचालन हुने व्यवस्था संवैधानिक लोकतन्त्रको मान्यता हो । जनताको स्वीकार्यताबाट संविधानले वैधता प्राप्त गर्दछ । संविधानप्रति जनताको अपनत्व हुन जनताका आधारभूत आवश्यकताको परिपूर्ति हुने व्यवस्था संविधानमा समावेश गरी त्यसै अनुरूपको व्यवहार कार्यान्वयन हुनुपर्दछ । अन्यथा कार्यान्वयन नहुने व्यवस्था र अधिकार केवल कागजी घोषणा मात्र हुन्छ । जसको परिणाम अन्ततः संविधानप्रतिको जनविश्वास टुट्न गई संविधान निष्प्रभावी हुन पुग्दछ । संविधान आफै स्वतः कार्यान्वयन भइहाल्ने नभएकाले संविधानलाई व्यवहारमा रूपान्तरण गरी गतिशील र जीवन्त बनाउन मूलतः देहायको कार्य गर्नु आवश्यक मानिन्छ ।

(क) संविधानले माग गरेका कानुन र संरचनाहरू समयमै गर्ने : संविधान कार्यान्वयन गर्न संविधानले नै कतिपय ऐन कानुन बनाउनुपर्ने व्यवस्था गरेको हुन्छ । यस व्यवस्था अनुरूप समयमै आवश्यक कानुनहरू निर्माण गर्नुपर्दछ । संविधानले सिर्जना गरेका अङ्ग र निकायहरू समयमै गठन गर्ने, त्यस्ता अङ्ग र निकायको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने स्रोत साधनको प्रबन्ध गर्ने, संविधान प्रतिकूलका कानुनहरूको पुनरावलोकन गरी बाझिएका कानुनहरू खारेज गर्ने जस्ता कार्यहरू गर्नुपर्दछ ।

(ख) संविधानको प्रबर्धनात्मक कार्य : संविधान बनाएर मात्र हुँदैन, त्यसको कार्यान्वयन र प्रवर्द्धन त्यतिकै महत्वपूर्ण कुरा हो । यसका निम्ति संविधानप्रतिको सम्मान, संरचनाहरूको दिगो विकास, विधिको शासनको पालना, आवधिक स्वच्छ निष्पक्ष र प्रतिष्पर्धि निर्वाचन, न्यायमा आम नागरिकको सहज पहुँच, विवादहरू संविधान र कानुनको परिधिभित्र रही समाधान गर्ने पद्धतिको विकास, राज्यका कामकारवाहीमा जनताको व्यापक सहभागिता र संवैधानिक संस्कृतिको निर्माण जस्ता कार्य गर्नुपर्ने हुन्छ ।

(ग) संविधानको संरक्षणात्मक कार्य : संविधान गतिशील दस्तावेज हो । तथापी संविधानवाद, विधिको शासन र लोकतन्त्रका आधारभूत मूल्य मान्यताको प्रतिकूल हुने गरी संविधानको संशोधन गर्ने जस्ता कार्य गर्नु हुँदैन । संविधानको आधारभूत मूल्य मान्यता र संरचनालाई अन्त्य गर्ने किसिमको कार्य व्यवहार गर्नु हुँदैन । संविधानको सर्वोच्चतालाई कदर गर्ने, संविधानलाई सम्मान गरी सोही अनुरूप व्यवहार गर्ने संस्कृतिको विकास गर्नुपर्दछ । संविधान सिर्जित निकायहरू जस्तै संसद, सरकार, न्यायपालिका, संवैधानिक निकाय, सुरक्षा निकाय र कर्मचारी प्रशासन सबैले संविधानसम्मत कार्य गरी संविधानको सम्मान हुने किसिमको आफ्ना कार्यव्यवहार गर्नुपर्दछ ।

संविधानलाई जीवन्त बनाउन नागरिक अधिकारलाई प्रचलनयोग्य बनाउनुका साथै स्वस्थ राजनीतिक प्रतिष्पर्धा, भ्रष्टाचारको रोकथाम र नियन्त्रण, स्वेच्छाचारिताको अन्त्य, कामकारवाहीमा खुलापन र पारदर्शिता, जनमुखी प्रशासन, चुस्त र प्रभावकारी सेवा प्रवाह, दण्डहिनताको अन्त्य, जवाफदेहिता वहन गर्ने पद्धतिको विकास, सुलभ न्याय, वितरणमुखी न्याय, सामाजिक न्याय र सामाजिक सुरक्षाको प्रत्याभूति, बलियो राज्य निर्माण, आर्थिक विकास, नैतिकता र राष्ट्रिय हितलाई प्रवर्द्धन गर्ने शिक्षाको विकास, राज्यप्रतिको बफादारिता र जनताप्रतिको जिम्मेवारीबोध हुने चेतनशील समाज निर्माण जस्ता कार्य गरी

मुलुकमा सुशासनको प्रत्याभूति गर्न सक्नुपर्दछ । संविधानलाई सजीव लिखतमा रूपान्तरण गर्न शासन बढी जनसेवा कम, कर्मचारी बढी सेवा प्रवाह कम, नियन्त्रण बढी सुविधा कम, कानुन धेरै न्याय कम जस्तो अवस्था हुनुहुन्न । कानुनी शासन र सुशासनप्रति प्रतिबद्ध भई कार्य गर्नुपर्दछ । समाजमा विभिन्न स्वार्थगत द्वन्द्वहरू सिर्जना हुनु अस्वभाविक होइन, तर लोकतान्त्रिक राज्य व्यवस्थाको सुन्दर पक्ष भनेकै त्यस्ता द्वन्द्व र विवादहरूलाई संविधानभित्रैबाट शान्तिपूर्ण किसिमले समयमै समाधान गर्न सक्नुपर्दछ ।

## ३. नेपालको संविधानका आधारभूत विशेषताहरु

संविधानसभाबाट संविधान बनाउने नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जनआन्दोलन र सशस्त्र सङ्घर्षको परिणाम संविधानसभा गठन भई संविधानसभाले संविधान बनाई लागू गरेको छ । २०६२/०६३ को जनआन्दोलनको परिणाम निर्वाचनबाट गठन भएको पहिलो संविधानसभाले संविधान बनाउन असफल भए पनि वि. सं. २०७० सालमा निर्वाचनबाट गठन भएको दोस्रो संविधानसभाले २०७२ असोज ३ गते संविधान जारी गरी लागू गर्न सफल भएको छ ।

नेपालको संविधानले सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने बाचा गरेको छ । नागरिकका आधारभूत हकहरू निर्वाध रूपमा उपयोग गर्न सक्ने वातावरण श्रृजना गरी समतामूलक समाज निर्माण गर्ने प्रतिवद्धता व्यक्त गरेको छ । संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पूरा गर्ने सङ्कल्प गरेको छ ।

संविधानले जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र निष्पक्ष र सक्षम न्यायपालिका, कानुनी राज्य लगायतका लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रही समृद्ध राष्ट्र निर्माण गर्ने सङ्कल्प गरेको छ । संविधानले समावेशी लोकतन्त्रका आधारभूत मूल्य मान्यतालाई आत्मसात गरी राष्ट्रिय हितलाई अक्षुण राख्दै परिवर्तनशीलतालाई स्वीकार्दै अगाडि बढ्ने गरी संविधानमा समयसापेक्ष संशोधन गर्न सक्ने लचकताको सिद्धान्तलाई स्वीकार गरेको छ ।

नेपालको संविधानले लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, समावेशी लोकतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, मौलिक हकमा विस्तार, आर्थिक-सामाजिक हकको सुनिश्चितता जस्ता व्यवस्था गर्नुका साथै राष्ट्रिय हितलाई परिभाषित गरी नागरिक कर्तव्यको उल्लेख, राज्यको दायित्व निर्धारण र राज्यका निर्देशनात्मक सिद्धान्त, नीति र दायित्वको सम्बन्धमा संसदीय अनुगमनको व्यवस्था, बहुलवादमा आधारित बहुदलीय प्रतिष्पर्धात्मक संसदीय शासन प्रणाली, कार्यकारीणी अधिकार मन्त्रीपरिषद्मा निहित हुने व्यवस्था, विधायिकी शक्ति संसदमा रहने व्यवस्था, न्याय सम्बन्धी अधिकार कानुन र न्यायको मान्य सिद्धान्तअनुसार नियमित अदालत, न्यायिक निकाय र विशिष्टिकृत अदालतबाट प्रयोग गरिने एकीकृत स्वरूपको न्याय प्रणाली, नेपालको राज्यशक्ति सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजित गरिएको सङ्घीय व्यवस्था, समावेशी प्रकृतिका विभिन्न आयोगको गठन जस्ता व्यवस्थाहरू गरेको छ ।

संविधानमा कुनै पनि कुराको बाचा, कवुल, सङ्कल्प र प्रतिबद्धता व्यक्त गर्न जति सजिलो हुन्छ त्यसलाई व्यवहारमा रूपान्तरण गर्न ज्यादै कठिन हुन्छ । संविधान निर्माण गर्नुभन्दा कार्यान्वयन गर्न गाह्रो हुन्छ । भारतीय संविधानसभाबाट संविधान जारी हुँदा भारतीय संविधानका प्रमुख मस्यौदाकार डा. अम्वेडकरले संविधान जारी हुँदाका बखत भनेका थिए- "अब अंग्रेजहरूलाई दोष दिएर धर पाइन्न । संविधानको उद्देश्य अनुरूपको अनुभूति दिन सकिएन भने त्यसको सम्पूर्ण दोष हामीहरू आफैंले लिनुपर्ने हुन्छ" । यस भनाइलाई मनन् गर्दै हाम्रा निम्ति पनि विगतलाई मात्र दोष दिएर अब उदासिन हुने छुट छैन । संविधानलाई गतिशील र सजीव बनाउन सम्बन्धित सबै सत्रीय भएर जुट्नु पर्दछ ।

## ४. संघीय संविधान : विश्व अभ्यास

सङ्घीय प्रणालीमा राज्यशक्ति तहगत रूपमा विभाजन हुन्छ । राज्यशक्ति प्रयोग गर्ने तहगत रूपमा विभिन्न राजनीतिक इकाइहरू हुन्छन् । सङ्घीय व्यवस्थालाई क्षेत्रगत रूपमा "स्व-शासन" र राष्ट्रिय रूपमा "साझेदारी शासन" पनि भनिन्छ । आज विश्वको करिब चालिस प्रतिशत भागमा सङ्घीय शासन कायम छ । सङ्घीयताको निर्माण स्वतन्त्र राज्यको आपसी सम्झौता वा एकात्मक राज्यबाट अधिकारको तहगत विभाजन जस्ता प्रक्रियाबाट हुन्छ । अमेरिका, स्वीट्जरल्याण्ड जस्ता मुलुकहरू आपसी सम्झौताद्वारा सङ्घीय राज्य भएका हुन् । जर्मनी, स्पेन, दक्षिण अफ्रिका, बेल्जियम, नेपाल जस्ता मुलुकहरू एकात्मक राज्यबाट सङ्घात्मक बनेका हुन् ।

दोस्रो विश्वयुद्धभन्दा पहिले अमेरिका, क्यानाडा, अष्ट्रेलिया र स्वीट्जरल्याण्डमा संघीय प्रणालीको सफल अभ्यास थियो । जर्मनी र अष्ट्रिया लोकतन्त्रको स्थापना पश्चात् संघीय प्रणालीमा गएका हुन् । मेक्सीको, ब्राजिल र अर्जेन्टिना जस्ता मुलुकहरूले सैनिक शासनको अन्त्य पछि संघीय प्रणाली अपनाएका हुन् । भारत, पाकिस्तान, मलेसिया र नाइजेरिया जस्ता मुलुकहरू बेलायतको उपनिवेशबाट स्वतन्त्र भएपछि

सङ्घीय प्रणालीमा जाने निर्णय गरेका हुन् । विश्वका करिब ३० वटा मुलुकहरूमा विभिन्न स्वरूपको संघीय प्रणाली अपनाएको देखिए पनि कतिपय मुलुकमा संघीय प्रणालीले कतिपय कारण सफलता हासिल गर्न सकिरहेको छैन । युगाण्डा, तान्जानिया, क्यामेरून जस्ता मुलुकहरू संघात्मकबाट एकात्मकमा फर्किएका छन् । सङ्घीय प्रणालीलाई बलियो बनाउन राष्ट्रिय एकता र मुलुकको अखण्डतालाई अक्षुण राख्न सङ्घीय प्रणालीमा सङ्घ र प्रदेशबीच अधिकारको स्पष्ट विभाजन र तहगत समन्वय, राष्ट्रियसभामा प्रदेशको प्रतिनिधित्वको सुनिश्चितता, विशेष अदालती संरचना र क्षेत्राधिकार, संविधान संशोधनको विशेष कार्यविधि, कर नीति, राजस्व बाँडफाँड, व्यापर नीति, लगानी जस्ता विषयहरूमा सन्तुलित व्यवस्थाहरू हुनुपर्दछ । अन्यथा तहगत रूपमा द्वन्द्वहरू सिर्जना हुन सक्दछन् ।

अमेरिकाको संविधानले सङ्घमा अवशिष्ट अधिकार नराखी राज्य तहमा राखेको भए पनि अमेरिकी गृहयुद्ध पश्चात् अवशिष्ट अधिकारको अभ्यास व्यवहारमा सङ्घले नै गर्दै आएको छ । नाइजेरिया लगायत कतिपय मुलुकमा लोकतान्त्रिक संस्कृतिको विश्वास हुन नसक्दा संवैधानिक लोकतन्त्र सङ्कटमा छ । सङ्घीय प्रणाली सफल हुन तहगत रूपमा बलियो सम्बन्ध र समन्वय, राजस्वको न्यायोचित बाँडफाँड र वितरण, तहगत रूपमा उठ्ने राजनीतिक र कानुनी विवादहरू समयमै सुल्टाउन उपयुक्त प्रणालीको विकास जस्ता व्यवस्था आवश्यक मानिन्छ । सङ्घीय प्रणाली अपनाएका दक्षिण अफ्रिका लगायतका मुलुकहरूले संवैधानिक विवाद र तहगत अधिकारका विषयहरूमा उठेका कानुनी विवादहरू नियमित अदालतबाट नभई छुट्टै संवैधानिक अदालतबाट समाधान गर्ने प्रणाली विकास गरेका छन् । नियमित अदालतमा कार्यबोझ अत्यधिक हुने कारण समयमै विवादको निर्णय नहुने भएकाले समयमै विवादको किनारा गर्न, निर्णयमा एकरूपता कायम गर्न विशिष्टकृत अदालतको रूपमा छुट्टै संवैधानिक अदालत गठन गर्ने पद्धतिको विकास गरेको देखिन्छ ।

सङ्घीय प्रणाली आफैंमा एक जटिल प्रणाली भएकाले राजनीतिक स्थायित्वका निम्ति तहगत रूपमा विभाजित अधिकारको प्रयोग सन्तुलित रूपमा संवैधानिक सीमाभित्र रही सबै तह, अङ्ग र नियकायहरूले स्वस्थ अभ्यास गर्नुपर्ने हुन्छ । सङ्घीय संविधानले सफलता हासिल गर्न राज्यशक्ति प्रयोग गर्ने निकाय र पदाधिकारी खासगरी राजनीतिक दल र राजनीतिक शक्तिहरूले मुलुकलाई स्थायित्व दिने किसिमबाट आपसी समझदारी विकास गरी सङ्घीय मान्यतानुसार काम गर्नुपर्ने हुन्छ । तहगत समन्वय र सम्बन्धको विकास कानुनी आधार र राजनीतिक मान्यताको आधारमा स्थापित गर्नुपर्दछ ।

## ५. नेपाल र संघीयता

नेपालको विगतमा केन्द्रीकृत राज्य व्यवस्था थियो । केन्द्रकै खटनपटनमा मुलुकभरको शासन सञ्चालन हुन्थ्यो । केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेको सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्ने उद्देश्य अनुरूप नेपालको संविधानले सङ्घीय प्रणालीलाई आत्मसात गरेको छ । संविधानमा मुलुकको राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने गरी राज्यशक्ति विभाजन गरेको छ ।

संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार संविधानको विभिन्न अनुसूचीमा समावेश गरेको छ । संविधानद्वारा निर्धारण गरिएका अनुसूची बमोजिमको कार्य सङ्घ, प्रदेश र स्थानीय तहले सम्पादन गर्न सोही अनुरूपको व्यवस्थाहरू संविधानमा उल्लेख छ । जसअनुसार सङ्घको अधिकारसूचीभित्र मूलतः रक्षा र सेना सम्बन्धी, युद्ध र प्रतिरक्षा, हातहतियार र खरखजना, मुद्रा, परराष्ट्र, अन्तर्राष्ट्रिय सम्बन्ध, अन्तर्राष्ट्रिय सन्धि, दुरसंचार, रेडियो फ्रिक्वेन्सी बाँडफाँड, हुलाक, जलस्रोतको बहुआयामिक उपयोग, अन्तरदेशीय र अन्तरप्रदेश विद्युत प्रसारण, केन्द्रीय तथ्याङ्क, अन्तर्राष्ट्रिय व्यापार, हवाई उड्ययन, नागरिकता, राहदानी, भिसा, अध्यागमन, अन्तरिक्ष सम्बन्धी, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सीमसार क्षेत्र जस्ता ३५ वटा विषयहरू छन् ।

प्रदेशको अधिकारको सूचीभित्र मूलतः प्रदेशको शान्ति सुरक्षा, प्रदेशस्तरको विद्युत, सिंचाई, खानेपानी, स्वास्थ सेवा, प्रदेश लोकमार्ग, भूमि व्यवस्थापन, प्रदेशभित्रको राष्ट्रिय वन, कृषि तथा पशुविकास, गुठी व्यवस्थापन जस्ता २१ वटा विषयहरू छन् । यस्तै स्थानीय तहको अधिकार सूचीभित्र मूलतः सहकारी, स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य, स्थानीय बजार, स्थानीय सडक, सिंचाई, कृषि तथा पशुपालन, साना जलविद्युत आयोजना, जलाधार, भाषा संस्कृति र ललित कलाको संरक्षण र विकास जस्ता २२ वटा विषयहरू छन् । यसैगरी सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीभित्र १५ वटा विषय र सङ्घ र प्रदेशको साझा अधिकारको सूचीभित्र २५ वटा विषयहरू रहेका छन् । संविधानसभाभित्र संविधानको अनुसूचीमा उल्लिखित अधिकारका सूचीमा जति छलफल र बहस भई स्पष्टता हुनुपर्दथ्यो त्यो अनुरूपको छलफल र बहस हुन सकेको जस्तो अनुसूचीमा रहेको केही अस्पष्टताले दर्साउँदछ ।

# नेपालको सङ्घीयता : तहगत संरचना

**राष्ट्रपति®**

|

**उपराष्ट्रपति®**

### सङ्घमा

- **मन्त्रिपरिषद्**
  (प्रधानमन्त्री सहित बढीमा २५ मन्त्री)
- **व्यवस्थापिका**
  - **प्रतिनिधि सभा**
    प्रत्यक्ष© + समानुपातिक १६५ + ११० = २७५
  - **राष्ट्रिय सभा** (**५९ सदस्य**)
    (निर्वाचक मण्डलमा प्रदेश सभा, गाउँपालिका र नगरपालिका)
- **न्यापालिका**

### प्रदेशमा

- **प्रदेश प्रमुख** (७ वटा प्रदेशमा ७ जना)
- **कार्यपालिका** (७ प्रदेशमा मन्त्रिपरिषद् बढीमा जम्मा ११० मन्त्री)♥
- **व्यवस्थापिका** (७ प्रदेशका प्रदेश सभामा प्रत्यक्ष♣ ३३० + समानुपातिक २२० गरी कूल ५५० सदस्य)

### स्थानीय तहमा

**गाउँपालिका/नगरपालिका♦**

- **कार्यपालिका**
  - गाउँ कार्यपालिका
  - नगर कार्यपालिका
  - जिल्ला सभा / जिल्ला समन्वय समिति
- **व्यवस्थापिका**
  - गाउँसभा
  - नगरसभा
- **न्यायपालिका**
  - स्थानीय अदालत, मेलमिलाप र मध्यस्थता, न्यायिक समिति

**सर्वोच्च अदालत*** → **उच्च अदालत*** → **जिल्ला अदालत***

® राष्ट्रपति/उपराष्ट्रपतिको निर्वाचन सङ्घीय संसदका सदस्य र प्रदेशसभाका सदस्य मतदाता रहेको फरक फरक मतभार भएको निर्वाचन मण्डलबाट हुनेछ ।

© प्रतिनिधिसभामा प्रदेश नं. १ बाट २८, प्रदेश नं. २ बाट ३२, प्रदेश नं. ३ बाट ३३, गण्डकी प्रदेश (प्रदेश नं. ४) बाट १८, प्रदेश नं. ५ बाट २६, कर्णाली प्रदेश (प्रदेश नं. ६) बाट १२, सुदुरपश्चिम प्रदेश (प्रदेश नं. ७) बाट १६ गरी प्रत्यक्ष निर्वाचनबाट १६५ सदस्य चुनिन्छन् ।

♥ प्रत्येक प्रदेशमा मुख्य मन्त्रीसहित प्रदेशसभाको कूल सदस्य संख्याको २० प्रतिशत भन्दा बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन हुने व्यवस्था छ (धारा १६८ (९)) ।

♣ प्रदेशसभामा प्रदेश नं. १ मा ५६, प्रदेश नं. २ मा ६४, प्रदेश नं. ३ मा ६६, प्रदेश नं. ४ मा ३६, प्रदेश नं. ५ मा ५२, प्रदेश नं. ६ मा २४, प्रदेश नं. ७ मा ३२ गरी ७ वटै प्रदेशमा जम्मा ३३० सदस्य प्रत्यक्ष निर्वाचनबाट चुनिन्छन् ।

♦ महानगरपालिका (६), उपनगरपालिका (११), नगरपालिका (२७६) र गाउँपालिका (४६०) गरी जम्मा ७५३, स्थानीय सरकारमा ३५ हजार भन्दा बढी निर्वाचित प्रतिनिधिको प्रतिनिधित्व भएको अवस्था छ ।

* संविधानले एकीकृत ढाँचाको न्यायपालिकाको संरचनालाई स्वीकार गरेको छ ।

## ६. संविधान र तहगत अन्तरसम्बन्ध

सङ्घीय प्रणालीलाई आत्मसात गरेको नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह बीचको अन्तरसम्बन्धका विषयमा मूलतः देहायको सिद्धान्तलाई अवलम्बन गरेको छ –

- नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई आत्मसात गरी तहगत रूपमा राज्यशक्ति विभाजन गरेको छ ।
- नेपालको संविधानको धारा ५६ ले नेपालको राज्यशक्ति सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन र बाँडफाँड गरेको छ ।
- नेपालको संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँड अनुसार सङ्घको सूचीभित्र ३५, प्रदेशको अधिकार सूचीभित्र २१ र स्थानीय तहको अधिकार सूचीभित्र २२ वटा विषयहरू छन् । त्यस्ता अधिकार सूचीहरू संविधानको अनुसूचीमा उल्लेख छ ।
- संविधानबमोजिम सङ्घ र प्रदेशको साझा अधिकारको सूचीभित्र २५ वटा र सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीभित्र १५ वटा विषयहरू छन् ।
- सङ्घ, प्रदेश र स्थानीय तहले संविधान र कानुनबमोजिम आ–आफ्नो अधिकार प्रयोग गर्नुपर्नेछ ।
- सङ्घले संविधान र सङ्घीय कानुनबमोजिम, प्रदेशले संविधान र प्रदेश कानुनबमोजिम, स्थानीय तहले संविधान र स्थानीय कानुनबमोजिम संविधानद्वारा तोकिएको आ–आफ्नो अधिकार प्रयोग गर्नुपर्दछ ।
- सङ्घ र प्रदेशको साझा अधिकार संविधान, सङ्घीय कानुन र प्रदेश कानसनबमोजिम प्रयोग हुनेछ ।
- सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार संविधान, सङ्घीय कानुन, प्रदेश कानुन र स्थानीय कानुनबमोजिम प्रयोग हुनेछ ।
- सङ्घीय कानुन सङ्घीय संसदले बनाउने छ । प्रदेश कानुन प्रदेशसभाले र स्थानीय कानुन गाउँसभा वा नगरसभाले बनाउने छ ।
- प्रदेश सभाले साझा सूचीका विषयमा कानुन बनाउँदा सङ्घीय कानुनसँग नबाझिने गरी बनाउनु पर्नेछ । यस्तै स्थानीय तहले साझा सूचीका विषयमा कानुन बनाउँदा सङ्घीय कानुन र प्रदेश कानुनसँग नबाझिने गरी बनाउनु पर्नेछ । यदि बाँझिने गरी बनाएमा त्यस्तो कानुन अमान्य हुनेछ ।
- नेपाल सरकारले राष्ट्रिय महत्वका विषय र प्रदेशहरूबीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश सरकारलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशको पालना गर्नु प्रदेश सरकारको कर्तव्य हुनेछ ।
- नेपाल सरकार आफैले वा प्रदेश सरकार मार्फत् गाउँ कार्यपालिका वा नगरकार्यपालिकालाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशकको पालना गर्नु स्थानीय सरकारको कर्तव्य हुनेछ ।
- सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न सङ्घीय संसदले आवश्यक कानुन बनाउने छ । प्रदेश र स्थानीय तहका बीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले त्यस्तो विवादको समाधान गर्न सक्नेछ ।
- संविधानले सङ्घ र प्रदेशबीच तथा प्रदेश–प्रदेशबीच उत्पन्न राजनीतिक विवादहरू समाधान गर्न प्रधानमन्त्रीको अध्यक्षतामा गृहमन्त्री, अर्थमन्त्री, सम्बन्धित प्रदेशका मुख्य मन्त्री रहेको अन्तरप्रदेश परिषद्को व्यवस्था गरेको छ ।
- अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तर–सरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श र समन्वय गर्न सङ्घीय अर्थमन्त्रीको अध्यक्षतामा प्रदेशको आर्थिक मामिला मन्त्री, गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखबाट एकजना महिला सहित २ जना प्रतिनिधित्व हुने गरी प्रदेशले सिफारिस गरेका १४ जना र वित्त सम्बन्धी विज्ञहरू मध्येबाट सङ्घीय अर्थ मन्त्रालयले मनोनयन गरेको कम्तिमा १ जना महिलासहित ३ जना सदस्य र अर्थ मन्त्रालयको सचिव सदस्य–सचिव रहने गरी अन्तर–सरकारी वित्त परिषद्को व्यवस्था गरेको छ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रदेश तथा स्थानीयत तहले गर्ने काम कारवाहीमा नीतिगत सामन्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँड सम्बन्धी विषयमा प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न सम्बन्धित प्रदेश मुख्य मन्त्रीको संयोजकत्वमा प्रदेश सरकारका मन्त्रीहरू, प्रदेशको मुख्य सचिव र सचिवहरू, प्रदेशभित्रका जिल्ला समन्वय समितिका प्रमुख र उपपमुखहरू, प्रदेशभित्रका गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिका प्रमुख र उपप्रमुख समेत सदस्य रहने गरी प्रदेश समन्वय परिषद्को व्यवस्था गरेको छ ।

- संविधानको धारा २३२ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ ।

## ७. संघीय संसद र प्रदेश/स्थानीय सभाको कानुन बनाउने अधिकार

नेपालको संविधानको धारा ५७ ले राज्यशक्तिको बाँडफाँड गरेको छ । जसअनुसार संघीय संसद, प्रदेशसभा र स्थानीय तह (गाउँसभा/नगरसभा) ले आफ्नो विधायिकी अधिकार देहायबमोजिम प्रयोग गर्नुपर्नेछ ।

(क) संघीय संसद : संघको अधिकार संविधानको अनुसूची-५, संघ र प्रदेशको साझा अधिकार अनुसूची-७ ; संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा तोकिएको हुँदा संघीय संसदले संविधानको अनुसूचीद्वारा निर्दिष्ट अधिकार कार्यान्वयन गर्न आवश्यक कानुन बनाउनुपर्ने हुन्छ । संविधानको धारा ५८ ले अवशिष्ट अधिकार संघमा निहित हुने व्यवस्था गरेकोले सो अधिकार आवश्यकतानुसार प्रयोग गर्नुपर्नेछ । यस्तै कतिपय अवस्थामा (धारा २३२ को उपधारा (६)) संघीय संसदले प्रदेशमा निहित विधायिकी अधिकार प्रयोग गरी कानुन बनाउन सक्नेछ । संघीय संसदले संविधानको अधिनमा रही विधायिकी अधिकार प्रयोग गर्नुपर्ने छ । संविधानको सर्वोच्चताको अधिनमा रही संविधानको व्यवस्था, मर्म र भावना अनुरूप विवेकपूर्ण र न्यायोचित कानुन बनाउनु संसदको मुख्य जिम्मेवारी हो ।

(ख) प्रदेश सभा : संविधानको धारा ५७ को उपधारा (२) बमोजिम प्रदेशसभाले संविधानको अनुसूची-६ मा उल्लिखित विषयको कानुन बनाउने अधिकार छ । यस्तै अनुसूची-७ मा संघ र प्रदेशको साझा अधिकारको सूची तोकिएको छ । प्रदेशसभाले कानुन बनाउँदा संविधान र संघीय कानुनको अधिनमा बनाउनु पर्नेछ ।

(ग) स्थानीय तह (गाउँसभा/नगरसभा) : स्थानीय तहको संविधानको अनुसूची-८ मा एकल अधिकार र संविधानको अनुसूची- ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार तोकिएको छ । साझा अधिकार विषयमा स्थानीय तहले कानुन बनाउँदा संविधान, संघीय कानुन र प्रदेश कानुनको अधिनमा रही बनाउनु पर्नेछ ।

संघीय संसदले संविधान प्रतिकूल हुने गरी कानुन बनाएमा, प्रदेश सभाले साझा अधिकारको विषयमा संविधान र संघीय कानुन प्रतिकूल कानुन बनाएमा, स्थानीय तह (गाउँसभा/नगरसभा) ले संविधान, संघीय कानुन र प्रदेश कानुनसँग बाझिने गरी साझा अधिकारका विषयमा कानुन बनाएमा त्यस्तो कानुन बाझिएको हदसम्म अमान्य हुनेछ । यस सिद्धान्त अनुसार संविधानले निर्दिष्ट गरेको संवैधानिक सीमाभित्र रही संघ, प्रदेश र स्थानीय तहले आफ्नो विधायिकी अधिकार प्रयोग गर्नुपर्नेछ । संघीय सिद्धान्तअनुसार एकल अधिकारको सूचीमा एकले अर्काको अधिकारमा अतिक्रमण गर्न सक्ने छैन । विधायिकी अधिकार प्रयोग गर्न पाउने निकायले राष्ट्रिय हित, जनहित, कानुन र न्यायका मान्य सिद्धान्त अनुकुलन, तर्कोचित, न्यायोचित र विवेकपूर्ण किसिमले जनताको चाहना, आकांक्षा र आवश्यकता अनुरूप कानुन बनाउनु पर्दछ ।

## ८. संसदको संवैधानिक दायित्व र भूमिका

संविधान कार्यान्वयन गर्न संविधानले नै माग गरेका आवश्यक कानुनहरू संघीय संसदले समयमै बनाउनु पर्ने हुन्छ । यस सिद्धान्तअनुसार संविधानको धारा ४७ बमोजिम मौलिक हकको प्रचलनका लागि संविधानले तोकेको समयसीमाभित्र संघीय संसदले प्रत्यक्षतः मौलिक हकसँग सम्बन्धित कानुनहरू बनाइसकेको अवस्था छ । कतिपय अन्य केही ऐन कानुनहरू पनि पारित भएका छन् । संघीय संसदले संविधानबमोजिम देहायका कानुनहरू अविलम्ब बनाउनु पर्ने जरूरी छ ।

(क) नेपालको संविधानको धारा ३०४ को उपधारा (१) बमोजिम संघीय संसदको पहिलो अधिवेशन बसेको मितिले १ वर्षपछि संविधानसँग बाझिएका कानुनहरू स्वतः अमान्य हुने भएकाले संविधान जारी हुनुपूर्वका सबै कानुनहरूलाई नेपालको संविधानको उद्देश्य, व्यवस्था, मर्म र भावना अनुरूप बनाउन विद्यमान कानुहरूको पुनरावलोकन गरी संविधानसम्मत बनाउने,

(ख) संविधानको विभिन्न अनुसूचीहरूमा तोकिएको सङ्घ, प्रदेश र स्थानीय तह बीचको साझा अधिकारको विषय तहगत रूपमा एकआपसमा नबाझिने गरी सङ्घीय कानुनले समयमै स्पष्ट गर्ने,

(ग) नेपालको संविधानको धारा २३४ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्न आवश्यक पर्ने सङ्घीय कानुन यथाशिघ्र निर्माण गर्ने,

(घ) संविधानको धारा २८५ बमोजिम कर्मचारी प्रशासन सम्बन्धी कानुन अविलम्ब तर्जुमा गर्ने,

(ङ) संविधानको धारा २४४ बमोजिम प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानुनबमोजिम हुने र संघीय संसदले कानुन बनाई आधार र मापदण्ड निर्धारण गर्ने भन्ने संविधानको व्यवस्थालाई कार्यान्वयन गर्न प्रदेशको लोकसेवा आयोगसँग सम्बन्धी आधार र मापदण्ड संघीय संसदले अविलम्ब बनाउनु पर्ने,

(च) संविधानको धारा २६८ को उपधारा (२) बमोजिम प्रत्येक प्रदेशमा प्रहरी सङ्गठन रहने भएकाले सोही धाराको उपधारा (३) अनुसार नेपाल प्रहरी र प्रदेश प्रहरीले सम्पादन गर्ने कार्यको सञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुने भन्ने भएकाले तत्सम्बन्धी कानुन अविलम्ब बनाउनु पर्ने,

(छ) संविधानको उद्देश्य र राज्यको नीति र निर्देशक सिद्धान्तमा गरिएको व्यवस्थालाई कार्यान्वयन गर्न अन्य आवश्यक अन्य ऐन कानुनहरू सोही अनुरूप तर्जुमा गर्ने,

(ज) संवैधानिक उद्देश्य र सङ्कल्पलाई पूरा गर्न गराउन संघीय संसदले राज्यका अन्य अङ्ग एवम् निकायहरूलाई प्रभावकारी बनाउन सक्रिय भूमिका निर्वाह गर्ने,

(झ) लोकतन्त्रमा जनताको सार्वभौम अधिकार जनताको प्रतिनिधित्व भएको संसदबाट अभिव्यक्त हुने भएकाले संसद र संसदीय समितिहरूले मुलुकको सुशासनका निम्ति प्रभावकारी रूपमा कार्यसम्पादन गरी सक्रिय भूमिका निर्वाह गर्ने,

(ञ) संविधानको धारा ५४ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन र मूल्याङ्कन गरी सरकारलाई जिम्मेवार र सक्रीय बनाउने ।

## ९. संविधान र स्थानीय सरकार

नेपालको संविधानले स्थानीय सरकारलाई विधायिकी, कार्यकारिणी, न्यायिक र आर्थिक अधिकारको अतिरिक्त विकासको कार्य नियमनकारी कार्य, प्रशासनिक अधिकारहरू समेत प्रदान गरेको छ । स्थानीय सरकारले संविधान प्रदत्त विधायिकी अधिकार गाउँसभा/नगरसभा मार्फत प्रयोग गर्दछ । कार्यकारीणी अधिकार गाउँकार्यपालिका र नगरकार्यपालिका मार्फत प्रयोग गर्दछ । यस्तै न्यायिक अधिकार न्यायिक समिति मार्फत प्रयोग गर्दछ ।

स्थानीय सरकारले संविधानबाट प्राप्त गरेको २२ वटा विषयमा संविधान प्रतिकूल नहुने गरी कार्य गर्नुपर्दछ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका १५ वटा विषयहरूमा भने स्थानीय सरकारले संविधान, संघ, प्रदेश कानुनसँग नबाझिने गरी कानुन बनाई कार्य गर्नुपर्ने हुन्छ । साझा अधिकारको विषयमा भने संघ र प्रदेशले समयमै स्पष्ट गर्न आवश्यक छ । स्थानीय सरकारलाई आवश्यक पर्ने कानुन निर्माणमा पूर्वाधार विकास, वित्तीय व्यवस्थापन, जनशक्तिको व्यवस्थापन, क्षमता अभिवृद्धिका क्षेत्रमा संघ र प्रदेशले आवश्यक सहयोग गर्नुपर्दछ । संघले नीति नियम मापदण्ड बनाउने, प्रदेशले समन्वय गर्ने र स्थानीय सरकारले जनताका न्यूनतम आवश्यकता सम्बन्धी कुराहरू र सेवा प्रवाह चुस्त र प्रभावकारी रूपमा सम्पादन गर्ने भूमिका निर्वाह गर्नुपर्दछ ।

स्थानीय सरकार लोकतन्त्रको आधारस्तम्भ भएकाले स्थानीय सरकारको सफलतामा लोकतन्त्रका लाभहरू जनताले सहजरूपमा प्राप्त गर्न सक्दछन् । संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माणका निम्ति दिगो शान्ति, विकास, सुशासन र समृद्धि प्राप्तिमा तीनै तहका सरकारहरू समन्वयात्मक रूपमा क्रियाशील हुनु जरूरी छ । एकापसमा असमझदारी र द्वन्द्व बढाएर होइन सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा कार्य गर्ने संस्कृतिको विकास गरी कार्यसम्पादन गर्नु आवश्यक छ । संघले संविधानको मर्म अनुरूप प्रदेश र स्थानीय सरकारलाई सहजरूपमा काम गर्ने वातावरण सिर्जना गरिदिनु पर्दछ । संघ, प्रदेश र स्थानीय तहले संविधानको सीमाभित्र रही कार्य गर्ने परिपाटी बसाल्नु पर्दछ । लोकतन्त्रमा जनता सार्वभौम हुने हुँदा जनताको भावना र आकांक्षालाई पूरा गर्न राज्यशक्ति प्रयोग गर्नेहरू बढी क्रियाशील र प्रभावकारी हुन सकेमा नै संवैधानिक लोकतन्त्र जीवन्त हुन सक्दछ । स्थानीय सरकार सेवा प्रवाह र विकासको केन्द्रको रूपमा स्थापित गर्न स्थानीय सरकारले सोही अनुरूपको कार्यसम्पादन गर्नु आवश्यक छ ।

## १०. नयाँ मुलुकी संहिताको कार्यान्वयन : सरकारको दायित्व

२०७५ भदौ १ गतेबाट नेपालको पहिलो लिखित संहिताबद्ध कानुन मुलुकी ऐन विधिवत अन्त्य भई नयाँ संहिताहरू (कानुनहरू) लागु भएका छन् । मुलुकी ऐन व्यक्तिको जन्मदेखि मृत्युसम्मलाई प्रभाव पार्ने मुलुकको सामान्य कानुन हो । नेपाली समाजको जनजीवनलाई लामो समयदेखि प्रभाव पारेको एउटा पद्धतिको अन्त्य भई अर्को नयाँ व्यवस्थाको प्रारम्भ भएको छ । अड्डा अदालतको कार्यविधि, देवानी हक बाहेकका विषय, अपराध र सजाय, पारिवारिक व्यवहार जस्ता देवानी र फौजदारी विषयहरूलाई समेटिएको कानुन २०७५ श्रावण मसान्तसम्म मुलुकी ऐनको नामबाट नेपाली समाजमा परिचित भई लागू भइरह्यो । विषय-विषयमा छुट्टाछुट्टै बनेका कानुनमा लेखिए जतिमा सोही कानुनबमोजिम र सो कानुनमा नलेखिएकोमा मुलुकी ऐनबमोजिम हुने गरी सामान्य कानुनको रूपमा मुलुकी ऐन क्रियाशील रह्यो । २०२० साल भदौ १ गतेदेखि लागू भएको नयाँ मुलुकी ऐनले छुवाछुत प्रथा हटाएको, बालविवाह, बहुविवाह, अनमेल विवाहलाई दण्डनीय बनाई सामाजिक सुधारको महत्वपूर्ण कानुनको रूपमा समेत रहेकाले भाद्र १ गते छुवाछुतको अन्त्य गरेको दिन 'मुक्ति दिवस' मनाउने प्रचलनको समेत विकास भयो ।

मुलुकी अपराध (संहिता) ऐन, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, मुलुकी देवानी (संहिता) ऐन, मुलुकी देवानी कार्यविधि (संहिता) ऐन व्यवस्थापिका-संसदबाट पारित भई २०७४ असोज ३० गते प्रमाणीकरण भएपछि यी संहिताहरूले कानुनी मान्यता प्राप्त गर्न पुगेका छन् । यी नयाँ कानुनहरू लागू गर्न पूर्व विशेष तयारी गर्नुपर्ने भएका कारण एक वर्षसम्म अर्थात २०७५ भदौ १ गते देखि यी संहिताहरू प्रारम्भ हुने गरी ती संहिताहरूमै स्पष्ट रूपमा लागू हुने मिति उल्लेख गरियो । यही कारण मिति २०७५ भदौ १ गतेबाट मुलुकी ऐनलाई प्रतिस्थापन गरी नयाँ संहिता कानुनहरू लागू भएका छन् । यी कानुनहरू संसदबाट पारित भई कार्यान्वयनको क्रममा रहेको भए पनि कतिपय विषयमा संशोधन र परिमार्जनको गुन्जायसहरू देखिएका छन् ।

वि.सं. १९१० देखि लागू भएको मुलुकी ऐनलाई प्रतिस्थापन गर्ने उद्देश्यले विभिन्न संहिताहरू जारी भएका छन् । जसको परिणाम केही नेपाल कानुनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ ले हाल प्रचलनमा रहेको केही महत्वपूर्ण ऐन कानुनहरूलाई खारेज गरेको छ । जसअनुसार नागरिक अधिकार ऐन, २०१२, गाली र बेइज्जती ऐन, २०१६, मुलुकी ऐन, केही सार्वजनिक (अपराध र सजाय) ऐन, २०२७, विवाह दर्ता ऐन, २०२८, राज्य विरूद्धको (अपराध र सजाय) ऐन, २०४६, सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९, करार ऐन, २०५६ लगायतका कानुनहरू खारेज भएका छन् ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले फौजदारी न्यायका मान्य सिद्धान्तहरू, सजाय सम्बन्धी सिद्धान्तहरू, कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाहरू, आपराधिक षडयन्त्र, दुरूत्साहन, सजाय र क्षतिपूर्ति सम्बन्धी व्यवस्थालाई सम्बोधन गर्नुका साथै विभिन्न किसिमका फौजदारी कसूरलाई परिभाषित गरी दण्ड सजायको व्यवस्था गरेको छ । साथै वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरूद्धको कसूरलाई अलग्गै रूपमा विशेष व्यवस्था गरेको छ । यस ऐनले मूलत राज्य विरूद्धका कसूर, नैतिकता विरूद्धका कसूर, सम्पदा विरूद्धको कसूर, विवाह सम्बन्धी कसूर, अपहरण सम्बन्धी कसूर, इलाज सम्बन्धी कसूर, मुद्रा सम्बन्धी कसूर, लिखत सम्बन्धी कसूर, करणी सम्बन्धी कसूर, पशुपंक्षी सम्बन्धी कसूर लगायत विभिन्न २७ किसिमका कसूरहरूलाई समेटेको छ । कसूरको मात्रानुसार सजायको व्यवस्था गरेको छ ।

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कसूरदार ठहर भएपछि कसूरदार ठहरिएको तीस दिनभित्र सजाय निर्धारण गर्नुपर्ने भनी गरेको व्यवस्था नेपालको निम्ति नयाँ अभ्यास हो । यस ऐनले कसूरदारले सामुदायिक सेवा गर्न आदेश दिन सक्ने, खास कसूरमा बाहेक खास अवस्थामा कैदको सजाय निलम्बन गर्न सकिने व्यवस्थाहरू पनि छन् । कसूरदारलाई सुधार गृहमा पठाउन सकिने, पुनर्स्थापना केन्द्रमा पठाउन सकिने, खुल्ला कारागारमा राख्न सकिने, प्यारोलमा राख्न सकिने जस्ता दण्डशास्त्रका नविनतम् मान्यताहरूलाई आत्मसात गरेको छ । मुलुकी देवानी (संहिता) ऐन, २०७४ ले देवानी कानुनका सिद्धान्तहरू, नागरिक अधिकार, पारिवारिक कानुन जसमा विवाह, विवाहको परिणाम, सम्बन्ध विच्छेद, अंशवण्डा, अपुताली जस्ता व्यवस्थाहरूका अतिरिक्त संहिताले करार र दायित्व, दुष्कृति, निजस् अन्तर्राष्ट्रिय कानुन जस्ता विभिन्न पक्षलाई समेटेको छ ।

मुलुकी संहिताले बिहावारी, सम्बन्ध विच्छेद, अंशवण्डा जस्ता पारिवारिक कानुनका विषयमा भइरहेको व्यवस्थामा केही सारभूत कुरा परिवर्तन गरेको छ । यसका विभिन्न पक्षहरूको विषयमा जनतालाई जानकरी गराउन आवश्यक छ । कानुनको अज्ञानता क्षम्य हुँदैन भन्ने सिद्धान्त रहेको हुँदा जनप्रतिनिधि, सरकार, सरकारी निकाय, राजनीति दल, नागरिक समाज, विभिन्न संघ संस्था सबैले अभियानकै रूपमा यी कानुनले गरेको परिवर्तन जनतालाई जानकारी गराउनु आवश्यक छ ।

मुलुकी देवानी (संहिता) ऐनले सम्पत्तीलाई विभिन्न भागमा वर्गीकरण गरी सरकारी, सार्वजनिक र सामुदायिक सम्पत्तीको संरक्षण सम्बर्द्धन गर्ने दायित्व स्थानीय तहको समेत रहने व्यवस्था गरेको छ । यस्तै अपुतालीका सम्बन्धमा अपुताली खाने कोही हकवाला नभए स्थानीय तहको हुने व्यवस्था गरी त्यस सम्बन्धी केही दायित्व समेत स्थानीय तहलाई तोकेको छ । मुलुकी देवानी कार्यविधि (संहिता) ऐनले म्याद तामेल, फैसला कार्यान्वयन जस्ता विषयमा स्थानीय तहको भूमिकालाई आत्मसात गरेको छ । जसअनुसार म्याद तामेलीमा जनप्रतिनिधि रोहवरमा बसी सहयोग गर्नुपर्ने, फैसला कार्यान्वयनमा जनप्रतिनिधि साक्षी बस्नु पर्ने जस्ता व्यवस्थाहरू छन् । यसैगरी मुलुकी अपराध कार्यविधि (संहिता) ऐनले अपराधको अनुसन्धान सम्बन्धी मुचुल्काहरूमा स्थानीय तहका प्रतिनिधिहरू रोहवरमा बस्नु पर्ने, अनुसन्धानको क्रममा फेला परेको दशी प्रमाण सुरक्षित राख्न स्थानीय तहले सहयोग गर्नुपर्ने जस्ता व्यवस्थाहरू गरेको छ । पारिवारिक विषयमा संहिताले महत्वपूर्ण परिवर्तन गरेको सन्दर्भमा परिवार विग्रह हुन नदिनु एकातर्फ आवश्यक छ भने अर्कोतर्फ पारिवारिक हिंसाजन्य कसूरमा कारवाही गर्न सजक हुनु पनि त्यतिकै आवश्यक छ । कानुनमा गरिएका यी व्यवस्थाहरूलाई लागू गर्नु गराउनु पर्ने जिम्मेवारी जनप्रतिनिधि समेतमा रहेको छ । मुलुकी संहिताहरूलाई लागू गर्ने जिम्मेवारी तीनवटै तहको सरकारको हो । कानुनको पालना गराउन जनतामा सचेतना कार्यक्रम संचालन गर्नु पनि त्यतिकै आवश्यक छ ।

## ११. संविधानको कार्यान्वयन : उपलव्धी र चुनौती

संविधान कार्यान्वयनको चरणमा रहेको छ । संविधान जारी भए पछिको यस अवधिभित्र केही कुराहरू उपलब्धि भएका छन् । कतिपय विषय अझ पनि चुनौतीपूर्ण छ । यसैले संविधानले निर्दिष्ट गरेको मार्गचित्र अनुरूप काम गर्न सक्नु पर्ने अहिलेको आवश्यकता हो । यस पृष्ठभूमिमा मुख्य उपलब्धिहरूलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ –

- संविधानसभाबाट संविधान बनाउने नेपाली जनताको लामो संघर्ष र आन्दोलनको परिणाम संविधानसभाले संविधान बनाउनु एउटा उपलब्धी कार्य हो । कुनै पनि संविधान आफैमा पूर्ण हुँदैन । त्यसलाई पूर्णता दिने भनेको स्वस्थ अभ्यास र सापेक्षतामा गरिने सुधारबाटै हो । संविधानसभाबाट संविधान जारी गर्दा देखिएको असमझदारीका प्रश्नहरू क्रमशः निर्वाचन र निर्वाचन पछिको सत्तामा सहभागिता र समर्थन गर्ने कार्यबाट स्वीकार्यता तर्फ रूपान्तरित हुँदै गएको अवस्था छ । संविधानसभा बाहिर रहेका केही शक्तिहरूसँग छलफल र सम्वादको प्रक्रियाद्वारा समस्या समाधान गर्ने दिशामा केन्द्रित भई कार्य गर्न सकेमा संविधानप्रतिको अपनत्व र स्वीकार्यता अझ बढेर जानेछ ।
- संविधान गतिशील दस्तावेज भएकाले नेपालको संविधानले संविधान संशोधनको लचकताको सिद्धान्तलाई आत्मसात गरी परिवर्तनशीलताको मार्गलाई खुला राखेको कारण विमती भित्र पनि सहमति खोजी त्यसलाई संविधानमा समाहित गर्नसक्ने अवसरहरू रहेको छ ।
- संविधानले बहुदलीय प्रतिष्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणालीलाई शासकीय स्वरूपमा स्वीकार गरेको र राजनीतिक दलहरूको स्वच्छ, स्वस्थ, मर्यादित र प्रतिष्पर्धी भूमिकाबाटै लोकतन्त्र सुदृढीकरण हुने भएकाले संविधान जारी भएपश्चात् समान विचार भएका राजनीतिक दलहरूको एकीकरण आफैमा उपलब्धीपूर्ण कार्य मान्नुपर्ने हुन्छ ।
- संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहमा निर्वाचनको माध्यमद्वारा राजनीतिक इकाईहरू गठन भई संघीय,प्रदेश र स्थानीय सरकारले संविधानद्वारा विभाजित अधिकारको अभ्यासमा क्रियाशील हुनुले संघीय प्रणाली कार्यान्वयनमा गएको अवस्था छ ।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्ने उद्देश्य अनुरूप स्थानीय सरकार संचालन ऐन, २०७४ जारी गरिएको छ । स्थानीय सरकारले संविधान र कानुनबमोजिम विभिन्न अधिकार प्राप्त गरेका छन् । यसबाट स्थानीय जनताले आफ्नै घरदैलोमा सरकार भएको अनुभूति गर्न सक्नेछन् ।
- प्रादेशिक दृष्टिकोणले महत्व राख्ने विकास निर्माणका काम गर्नेदेखि संघ र स्थानीय तहलाई समन्वय गर्ने भूमिका निर्वाह गर्न प्रदेश सरकार क्रियाशील छ ।
- संविधानप्रदत्त मौलिक हकलाई कार्यान्वयन गर्न आवश्यक पर्ने कानुनहरू संघीय संसदले बनाइसकेको अवस्था छ । यस्तै अन्य कतिपय ऐन कानुनहरू बनिसकेका र कतिपय बन्ने क्रममा देखिन्छन् ।
- संविधानले समावेशी लोकतन्त्रको मान्यतालाई आत्मसात गरेको सन्दर्भमा विभिन्न वर्ग समुदायको राज्य व्यवस्थामा प्रतिनिधित्व बढ्दै जानु आफैंमा महत्वपूर्ण उपलब्धी हो ।
- नेपालको संविधानले आत्मसात गरेको मिश्रित निर्वाचन प्रणालीले स्थीर सरकार निर्माण गर्न कठिन हुने भन्ने संविधान जारी हुँदाका बखत व्यक्त भएका कतिपय टिप्पणीहरू रहेको सन्दर्भमा २०७४ मा भएको निर्वाचनले बहुमत प्राप्त सरकार गठन गर्ने जनादेश प्राप्त गरेकाले राजनीतिक स्थायित्व प्रदान गर्नेतर्फ मुलुक अग्रसर भएको छ । निर्वाचनले राजनीतिक संक्रमणलाई अन्त्य गरेको छ ।
- संविधान जारी हुँदा चिसिएको छिमेकीसँगको सम्बन्धमा सुधार भई दुबै छिमेकीसँगको सम्बन्धमा सुमधुर र सौहार्दता कायम भएको छ ।

यसरी संविधान कार्यान्वयनको यस अवधिमा केही उपर्युक्त किसिमका उपलब्धिहरू देखिए पनि देहायबमोजिमका चुनौतीहरू रहेका छन् –

- नेपालको निम्ति संघीयताको अभ्यास नयाँ भएकाले केन्द्रीकृत राज्य व्यवस्थामा अभ्यस्त भएको सोच, शैली र व्यवहारलाई संघीय ढाँचामा रूपान्तरण गर्न प्रारम्भिक चरणमा केही समस्या र चुनौती देखिनु स्वभाविकै हो । संघ, प्रदेश र स्थानीय तह बीचको साझा अधिकार संघीय कानुनले समयमै स्पष्ट नगर्दासम्म तहगत रूपमा केही असमझदारी सिर्जना हुन सक्दछन् । यसैगरी तहगत रूपमा राजस्वको बाँडफाँड न्यायोचित हुन नसकेमा तहगत बीच आपसी सम्बन्धमा असमझदारी उत्पन्न हुन सक्दछन् ।

- कर्मचारीको समायोजन समयमै हुन नसक्दा केही समस्या र चुनौतीहरू देखिएका छन् ।

- संविधानप्रदत्त मौलिक हक कार्यान्वयन गर्न आवश्यक कानुनहरू बनाइएको भए पनि कमजोर अर्थतन्त्रका कारण ती सबै हकहरू कार्यान्वयन गर्न कठिन हुन सक्दछ ।

- राज्यको निर्देशक सिद्धान्त र नीतिहरूले निर्दिष्ट गरेको उद्देश्य लागू गर्न राज्यको क्षमता अभिवृद्धि नगरेसम्म सहज हुने देखिन्न ।

- सुशासनको पक्षमा उल्लेख्य सुधार हुन सकेको छैन । भ्रष्टाचारको रोकथाम र नियन्त्रणमा सफलता प्राप्त नगरेसमम सुशासनको अवस्था सन्तोषजनक हुन सक्दैन । जनतालाई राज्यले प्रदान गर्नुपर्ने सेवा प्रवाह कानुन कार्यान्वयन गर्ने पक्षको उदासिनताले कमजोर अवस्थामा नै रहेको छ । यस्ता पक्षमा सुधार नगरेसम्म सुशासनको अनुभूति हुन सक्दैन ।

- संघीय सिद्धान्त बमोजिम प्रदेशको संरचनाभित्र प्रदेशको नामाकरण र राजधानीहरू प्रदेशसभाले समयमै टुंग्याउनु पर्नेमा केही प्रदेशले मात्र टुंगाएको र सबै प्रदेशले समयमै नटुंग्याउने हो भने भौतिक पूर्वाधारको विकास निर्माण लगायतका अन्य समस्याहरू आइलाग्ने छन् ।

संविधान शान्ति, सुशासन, विकासमैत्री भए पनि सुशासन विकास र भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा जनताले अनुभूति गर्न सक्नेगरी नतिजा प्राप्त हुन सकेको छैन । दिगो शान्ति, सुशासन, विकास र समृद्धिका निम्ति विभिन्न चुनौतीहरू रहिरहेकै छन् । संविधान जारी भएको यस अवधिमा महत्वपूर्ण केही राजनीतिक उपलब्धी हासिल गर्न सफल भए पनि विकास र आर्थिक उपलब्धीको गति सुस्त नै देखिन्छ । संविधानलाई जीवन्त बनाउन संविधान प्रदत्त सबै किसिमका मौलिक हक कार्यान्वयन गर्न सोही अनुरूप मुलुकको अर्थतन्त्रको विकास आवश्यक छ । अहिलेको अर्थतन्त्रले संविधान प्रदत्त आर्थिक-सामाजिक हक सहजरूपमा लागू गर्न सक्ने अवस्था देखिन्न । यस्तै सुशासनको अनुभूति दिन सोही अनुरूपको शासन व्यवहार आवश्यक छ । लोकतन्त्रमा सरकार र कर्मचारी प्रशासन मात्रको प्रयासबाट समृद्धता हासिल हुन सक्दैन । सरकार र जनता एक अर्काको प्रतिद्वन्दी जस्तो नभई एक अर्काको परिपूरक र सहयोगी भई साझेदारीको रूपमा कार्य गर्ने संस्कृतिको विकास आवश्यक हुन्छ ।

संविधान लागू भएको यस अवधिमा केही उपलब्धि, केही चुनौती रहे भएको देखिए पनि अब संविधानको उद्देश्य र सङ्कल्प पूरा गर्न मुलुक अब त्यसतर्फ क्रियाशील हुनु पर्दछ । नेपालको संविधानलाई जीवन्त बनाउन आवश्यक पर्ने कार्यहरू गर्नेतर्फ सम्बन्धित सबैको प्राथमिक विषय बन्नु पर्दछ । यसका निम्ति देहायका कार्यहरू तत्कालै गर्नुपर्दछ –

- संविधानको विभिन्न अनुसूचीहरूमा तोकिएको सङ्घ, प्रदेश र स्थानीय तह बीचको साझा अधिकारको विषय तहगत रूपमा एकआपसमा नबाझिने गरी सङ्घीय कानुनले समयमै स्पष्ट गरी आ-आफ्नो सीमाभित्र रही कार्य गर्ने प्रणालीको विकास गर्ने,

- संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय गर्न आवश्यक सङ्घीय कानुन यथाशिघ्र निर्माण गरी राष्ट्रहित र जनहितका निम्ति तहगत रूपमा बलियो समन्वय कायम गर्ने,

- सङ्घ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्न प्रशासनिक पुनरसंरचना अन्तर्गत कर्मचारी समायोजनको कार्य अविलम्ब टुंग्याई सार्वजनिक प्रशासनलाई जनमुखी बनाउने,

- संविधान र कानुनबमोजिम प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने सरकारी विभाग र कार्यालयहरू यथाशिघ्र हस्तान्तरण गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने,

- सङ्घ, प्रदेश र स्थानीय तहको कर्मचारी प्रशासन सम्बन्धी कानुन अविलम्ब तर्जुमा गरी कर्मचारी प्रशासनलाई अनुशासित र मर्यादित बनाउने,

- सुशासन र सेवा प्रवाहका निम्ति आवश्यक पर्ने भौतिक पूर्वाधारको निर्माण, आवश्यक कानुनको तर्जुमा, वित्तीय व्यवस्थापन, जनशक्तिको उचित प्रबन्ध जस्ता आवश्यक कुराहरूलाई विशेष प्राथमिकीकरण गरी भ्रष्टाचारको रोकथामद्वारा सुशासन र समृद्धि कायम गर्ने,

- सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने कामकारवाहीमा सामन्जस्यता र समन्वय गर्न एवम् तहगत रूपमा उठ्ने र उठ्न सक्ने विवादहरू समाधान गर्न र तहगत समन्वय स्थापित गर्न संविधान र कानुनले गरेको अन्तरप्रदेश परिषद्, अन्तरसरकारी वित्त परिषद्, प्रदेश समन्वय परिषद् जस्ता संयन्त्रहरूलाई बढी प्रभावकारी बनाई तहगत रूपमा उठ्ने असमझदारीहरूलाई समयमै समाधान गर्ने,

- सङ्घीय संविधानलाई जीवन्त बनाउन तहगत अन्तरसम्बन्ध कानुनमा आधारित (rule-based) र मान्यतामा आधारित (norm-based) सिद्धान्तको स्वच्छ अभ्यासद्वारा प्रचलन र प्रवर्धन गर्ने,
- राजनीतिक दलहरूको स्वस्थ र मर्यादित व्यवहारद्वारा संविधानभित्रैबाट समस्याको समाधान गर्ने समझदारीको विकास गरी सोही अनुरूपको कार्य व्यवहार गर्ने,
- राजनीतिक उपलब्धीहरूलाई संस्थागत गर्दै आर्थिक विकासमा केन्द्रित हुने,
- राज्यका अङ्ग एवम् निकायहरूले सक्रियताको सिद्धान्तको आधारमा राष्ट्रहित र जनहितका निम्ति श्रृजनशील र सेवामुखी कार्यमा आफूहरूलाई केन्द्रित गर्ने,
- संविधानको सर्वोच्चतालाई ग्रहण गरी संविधानलाई पालना गर्ने संस्कृतिको निर्माणमा क्रियाशील हुने ।

## १२. उपसंहार

लामो सङ्घर्षको परिणाम जारी भएको नेपालको संविधान कार्यान्वयनको मुख्य चरणमा छ । संविधान गतिशील र जीवन्त हुन संविधानको मर्म र भावना अनुरूप कार्य व्यवहार हुनु पर्दछ । संविधानमा अन्तर्निहित सिद्धान्तको अधिनमा रही सङ्घ, प्रदेश र स्थानीय तहले सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा कार्य सम्पादन गर्न सकेमा नै संविधानको उद्देश्य पूरा गर्न सङ्घीय प्रणाली सहयोगी हुनेछ । प्रारम्भ देखि नै राम्रा अभ्यासको विकास गर्नु जरूरी छ । यसका निम्ति संविधानको उद्देश्य, संवैधानिक सङ्कल्प र वाचाहरू व्यवहारमा लागू गर्ने किसिमबाट कामहरू हुनुपर्दछ । जनतामा संविधान कार्यान्वयनको अनुभूति दिनु मुख्य जिम्मेवारी संविधान निर्माण गर्ने राजनीतिक शक्तिकै हो । खासगरी राजनीतिक दल, संविधान सिर्जित निकाय- संसद, सरकार, न्यायपालिका, संवैधानिक निकायहरूको मुख्य जिम्मेवारी हो । यसैले अहिलेको सन्दर्भमा संविधान कार्यान्वयन गर्न राज्यशक्ति प्रयोग गर्नेहरू संविधानको कार्यान्वयनमा बढी संवेदनशील र जिम्मेवार भई संवैधानिक बाचा पूरा गर्न समर्पित हुनुपर्दछ । संविधान स्वयम्मा कुनै कमि कमजोरी र त्रुटि रहेछन् भने पनि त्यसको समाधान स्वच्छ अभ्यास र लोकतान्त्रिक मूल्य मान्यताको अवलम्बनद्वारा कार्य गर्ने संस्कृतिको विकासद्वारा गर्न सकिन्छ ।

मुलुकको समस्याहरू संविधानभित्रैबाट समाधान गर्ने पद्धतिको विकास गर्ने संस्कारको विकास गर्न सकेमा विधिको शासन जीवन्त हुन्छ । मुलुकको अहिलेको मुख्य समस्या भनेको गरिबी, भोकमरी, अशिक्षा, बेरोजगारी, भ्रष्टाचार, अनियमितता, खस्किँदो राज्यप्रतिको वफादारिता र नैतिकता, कमजोर सुशासन, सेवा प्रवाहमा उदासिनता, दण्डहिनता जस्ता कुराहरू हुन् । यस्ता समस्याहरूलाई सम्बन्धित सबै पक्षको सहकार्यबाट संविधानको परिधिभित्रबाट समयमै समाधान गर्ने संस्कृतिको विकास गरी मुलुकको अर्थतन्त्र समृद्ध बनाई बलियो राज्य निर्माण गर्नु राज्यको अहिलेको कार्यसूचीको मुख्य मार्गचित्र बन्नु पर्दछ । संविधान कार्यान्वयनको चरणमा विभिन्न चुनौतीहरू भए पनि व्यवहारमा संविधान कार्यान्वयन गर्नेहरू संविधानले परिकल्पना गरेको समतामूलक समाज निर्माण गर्ने कार्यमा जुट्नु नै अहिलेको मुख्य प्राथमिकताको विषय हो । खासगरी संसदले संविधानले माग गरेको कानुनहरू अविलम्ब जारी गरी संसद र संसदीय समितिहरूको भूमिकालाई सक्रिय र प्रभावकारी बनाउन सकेमा संसदको गरिमा र प्रतिष्ठा बढ्नेछ । यसैगरी संविधानको उद्देश्य, मर्म र भावना अनुरूप कानुन बनाई कानुनी राज्यको माध्यमद्वारा सुशासन प्रदान गर्ने कार्यमा संविधान सिर्जित निकायहरू निष्ठापूर्वक लाग्नु जरूरी छ । संसदको प्रभावकारिता, कार्यपालिकाको जवाफदेहीपूर्ण व्यवहार, न्यायपालिकाको निष्पक्ष, सक्षम र सिर्जनशील भूमिका, राजनीतिक दलहरूको सुशासनमैत्री र स्वच्छ प्रतिष्पर्धि सहिष्णु व्यवहार, सामाजिक संघ संस्था र नागरिक समाजको रखवारी र पहरेदारी भूमिका जस्ता कार्यव्यवहारबाट संवैधानिक संस्कृतिको विकासमा जुट्न सकेमा नै संविधानले सजीवता प्राप्त गर्न सक्दछ ।